नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ सिपुन्हि- फागुण वर्ष ३८ | अंक १० | The Ananda Bhoomi (Year 38, Vol. 10)
बु.सं. २५५४ | ने.सं. ११३१ | A Buddhist Monthly :February/March2011

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ. कु. वि.)**
**भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ. कु. वि. संस्था)**

*सल्लाहकारः*
**भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)**

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापनः*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू**

*आवरण डिजाइन/भित्री सेटिङ्*
**विनोद महर्जन**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण (के.पि. मगर)**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

***मुद्रणः***
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः ५१२०२३५

***प्रकाशकः***
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**कुम्भूपमं कायमिमं विदित्वा-नगरुपमं चित्तमिदं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञावुधेन-जितञ्च रक्खे अनिवेसनो सिया ॥**

*अर्थात् : यो शरीर फुटेर जाने माटोको घडाजस्तो सम्झी, चित्तलाई नगर समान् सुरक्षित गरी, प्रज्ञारूपी शस्त्रले मारसँग युद्ध गर, जितिसकेपछि अनासक्त भई आफ्नो चित्तलाई रक्षागी बस ।*

थ्व शरीर तज्यानावनीगु ग्वंपचा थें धकाः सीका, चित्तयात नगर समानं सुरक्षित यानाः, प्रज्ञा-शस्त्रं मारयात त्याकि, त्याकेधुंकाः अनासक्त जुयाः थःगु चित्त रक्षा यानाःच्वँ ।

Remember, this body is like a fragile clay pot, make your mind a fortress and conquer Mara with the weapon of wisdom. Guard your conquest always.

**- धम्मपद, ४०**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# नयाँ नेपाल निर्माणको दिशामा सहभागी हुन नयाँ संविधान निर्माणका लागि आ-आफ्नो क्षेत्रबाट राय, सुझाव एवम् सल्लाह उपलब्ध गराऔं।

नेपाल सरकार

सूचना तथा संचार मन्त्रालय

## सूचना विभाग

# सम्पादकीय

## शान्तिका लागि हामी जिम्मेवार हुनसकौं

परिवर्तनशील यो जगतमा समयपरिस्थिति-परिवेशसँगै हर पक्ष पृथक पृथक धार एवं स्वरूपसहित परिवर्तित प्रकृयाअनुरूप अगाडि बढिरहेको हुन्छ । परिवर्तन प्रवाहबाट कोही मुक्त हुनसक्दैन । परिवर्तन प्रवाहलाई सबैले साहसयुक्त तवरले आत्मसात गर्न सक्नुपर्छ, त्यसो गर्न नसक्दा राजनीतिक-सामाजिक आदि यावतवृत्तमा हलचल मच्चिइने, उथलपुथल हुने गर्दछ भन्ने कुरा विश्वमानचित्रमा अंकित इतिहासले प्रष्ट पारेको हुन्छ । नेपालकै इतिहासको कालखण्डमा आपसी द्वन्द्व, रिसइवी तथा द्वेषभावले शक्ति प्रदर्शनको नाउँमा भएगरेका कयौं उथलपुथल हिंसात्मक-नरसंहारपूर्ण घटना भएको हामीलाई थाहा छ । वास्तवमा द्वन्द्व हुँदा हिंसात्मक रूप लिए भयावह- त्रासदीपूर्ण हुने सुनिश्चित छ ।

जहाँसम्म नेपालकै सन्दर्भमा चर्चा गर्दा विगतको दशवर्षीय जनयुद्ध तथा दोस्रो जनआन्दोलनपश्चात् विभिन्न राजनीतिक दलबीच स्थापित वृहत शान्तिसम्झौतापश्चात् अन्तरिम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित वर्तमान संविधान सभासम्मको कठिन-यात्रा तय भएको कुरा हामी सबैलाई थाहा भएकै कुरा हो । देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य पुनःसंरचनामा परिणतहुँदै जनताले नै संविधान निर्माण गर्ने संविधान सभाजस्तो युगान्तकारी ऐतिहासिक जिम्मेवारी वहन गरी संविधान लेखन कार्यले रचनात्मक गति लिइसक्नु पर्ने यो अत्यन्त संवेदनशील घडीमा जिम्मेवार राजनीतिक दलहरू तसमस गर्नुमै रमाइरहेका छन्, फोहरी चालबाजी-तिकडम बाजीमै व्यस्त रहेका छन् । गत २०६७ जेठ १४ गतेभित्र निश्चित रूपमा संविधानको घोषणा हुन्छ, देशमा दीगो शान्ति छाउने छ, राजनीतिक स्थीरताले आयामिक विकासमा परिवर्तन-प्रवाह देखिनेछ भनी जे जस्ता ईच्छा-आकांक्षारूपी भारी बोकेका थिए, अन्ततः हात्ति आयो हात्ति आयो फुस्सा झैं ती सबै धुलोमा मिसाउने कार्य भयो, पुनः एकवर्षको अवधि थप्ने भन्दै आउँदो २०६८ जेठ १४ गतेभित्र संविधानको घोषणा गरिने भनी सीधासाधा हामी जनताको मुखमा चाइचाइ-पेंडा कोच्याउने काम भयो ।

देशको विकास, शान्ति स्थापना, दिगो शान्तिको हवाला आदि थरी थरी कोराकल्पना-सपनासरी आशा बाँट्दै सरकारको जिम्मेवारी लिनेहरूले तँछाड मछाडकै रूपमा किन नहोस्, सरकारको बागडोर सम्हाल्छन् तर पूर्ण हुन सकेका छैनन् । कसैलाई गालिगलौजभन्दा पनि सम्बद्ध जिम्मेवारहरू बीचमा अनावश्यक 'शक्ति द्वन्द्व' हावी हुनु वा हावी गराउनु, एकले अर्कोलाई निमिट्यान्न पार्न खोज्नु, उक्साउनु थचार्नुजस्ता अत्यन्त नीच, घृणित, फोहरी खेलमा रमाउने जुन प्रवृत्ति झ्याङ्गिदो छ, त्यो अत्यन्त दुःखदायी एवं पतनोन्मुख विधिव्यवहार भइरहेकोछ छ, जसले खाल्डो खन्ने अनि सबैलाई पुर्नेजस्तो कार्य भइरहनु समग्रमा यो कसैका लागि पनि सुखकर-शान्तिकर विषय होइन । सम्बद्ध जिम्मेवारहरूले आफ्नो जिम्मेवारीबोध गर्नुभन्दा नाटकीय मञ्चनस्वरूप जसरी हुन्छ आ-आफ्नो दुनो सोझ्याउने मात्र खेल खेलिरहेको दृश्य-परिदृश्य प्रत्यक्ष देखिरहने हामीलाई यो झगडालु-लोभीपापी-सत्तापिपासु-धोखाबाजी चरित्रका कारण, यही हविगत यथावत रहिरहने हो भने आगामी जेठ १४ गते पनि संविधान घोषणा हुनुपर्नेमा बरू फेरि के के पो घोषणा हुने हो ? प्रतिक्षाको घडी सुखद् नहुन सक्छ ।

जसरी हुन्छ मिलेर, सहमतीय वातावरण तय गरी देशको समुन्नत भविष्यको ख्याल गरी द्रुत गतिमा अगाडि बढ्नुपर्ने यो संवेदनशील घडीमा समेत राज्य व्यवस्थासम्बद्ध निकायहरू लिखितममा विधिको शासन, विधानका धाराउपधारा, आचारसंहिता फलाकिरहेका हुन्छन् भने बकतम-व्यवहारमा स्वार्थ मूल मन्त्रश्यं स्वाहाः भन्ने जपनासँगै आआफ्नो डम्फु बजाउँदै मेरो गोरूको बाह्रै टक्का भन्ने भावलाई काखी च्याप्दै भागबण्दा र टिकाउ प्रवृत्तिरूपी दलदल धरापमा फंसिरहेका छन् । विचरा यिनीहरूका सोचविचारमा कहिले मात्र शुद्धता आउने हो, मुखले ठिक्क अनि व्यवहारले दिक्क पार्न खप्पिस यी फोहरी खेलका स्वनामधन्य च्याम्पियनहरूको जुहारी खेललाई हामी शान्तिगामी सीधासाधा जनताले कहिलेसम्म मुक दर्शक भएर हेरिरहनु पर्ने हो, यो अनिश्चित भविष्यको गर्भझैं पो हुने हो कि !? यिनीहरूको घैंटोमा घाम लाग्ने कहिले होला नि !?

त्यसैले देश र जनताको सदैव हितसुख चाहने हो भने व्याप्त फोहरी खेलरूपी द्वन्द्व निराकरणार्थ दीर्घकालीन समाधानका लागि सम्बद्ध राजनीतिक पार्टी एवं नेताहरू जिम्मेवार ढंगले प्रस्तुत हुनु, वृहत शान्ति सम्झौता नभाँडियोस् भनी निरन्तर लागिपर्नु आजको प्रमुख आवश्यकता हो । जब हामीले समुन्नत राष्ट्रको अवधारणालाई कुल्चिने हुन्छौं, शान्ति होइन अशान्तमा पिल्सिने र जकडिने हुन्छौं तब अराजकता एवं हिंसाजन्य आपराधिक गतिविधिले अझ बढी प्रश्रय पाउने हुन्छ । यसउसले जसरी हुन्छ दीगो सुखशान्तिका लागि वृहत शान्ति सम्झौतालाई सम्बद्ध सबै सबैले व्यवहातः पालना गर्ने र गराउनेतर्फ केन्द्रित हुनैपर्छ, व्यक्तिगत, दलीय स्वार्थभन्दा माथि उठी सम्बद्ध सबैले आआफ्नो क्षेत्रबाट त्यागमय योगदान गर्नैपर्छ, आफ्नो गोरूको् बाह्रैटक्का भन्ने भाव चटक्क छोडी दीगो शान्ति तथा समयमै संविधान घोषणा गर्न गम्भीर भई अगाडि बढ्न सम्बद्ध सबैमा बुद्धि पलाओस्- यही मैत्रीपूर्ण शुभकामना !

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सही-दर्शन | सत्यनारायण गोयन्का | ५ |
| २. | साहसकी प्रतिमूर्मि : धम्मवती-१ | कोण्डन्य | ७ |
| ३. | तीन यानबीच समन्वय हुनु समयको माग | लोकबहादुर शाक्य | १० |
| ४. | बुढेसकालको दर्द-पीडा | जरादुःखी शाक्य | १२ |
| ५. | सन्दर्भ : बुद्धधर्मसम्बद्ध तीन यान | अष्टमुनि गुभाजु | १३ |
| ६. | धर्मविनयप्रति सजग-सतर्क हुनसकौं | सद्धम्म शाक्य | १६ |
| ७. | पुलबजारमा वृद्धवृद्धाहरुको सम्मान हेर्दा | आशाकाजी सेवक | १८ |
| ८. | बुद्धधर्म हो सबैका लागि | डा. गणेश माली | १९ |
| ९. | बुद्धधर्मको विकासमा महिलाहरुको योगदान | चन्द्रलक्ष्मी शाक्य | २० |
| १०. | नेपाली महिलाहरुको योगदान : टिप्पणी | लिना गुरुङ्ग | २३ |
| ११. | बुद्धको अन्तिम यात्रा विवरण-१ | अनु. दुण्डबहादुर शाक्य | २५ |
| १२. | दानपारमिता | भिक्षु कुमार काश्यप | २८ |
| १३. | **Buddhism in Langkawi** | **Bhikkhu Sumanakitti** | ३० |
| १४. | बौद्ध गतिविधि | | ३१ |



## सम्झनुहोस्

## सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि

# राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्षे मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप ब्याज दिइनेछ ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

# सही-दर्शन



✍ सत्यनारायण गोयन्का

मान्छे आफ्नो पूर्वकर्मअनुसार सुन्दर अथवा कुरूप शरीर लिएर जन्मन्छन् । पूर्वकर्म पूण्यमय छ भने सुद्ध र रूपवान माता-पिताको सम्पर्कमा आएर सर्वाङ्ग सुन्दर शरीर प्राप्त गर्दछ । बोधिसत्व सिद्धार्थ गौतम आफ्नो अनगिन्ती जन्मदेखि असीम पूण्यपारमिताहरू संचय गरेर अन्तयन्त रूपवान भएर जन्मे । अत्यन्त आकर्षक ठू-ठूला नीला आँखा, मनमोहक धनुषाकार आँखी भौं, दुई आँखी भौंको बीचमा कपासजस्तो सेतो रौं, लामो नाक, पातलो गुलाबी ओंठ, मोति झैं सेतो संगठित दन्तावली, लामो जिब्रो सिंहकोजस्तो थुतुनो, कालो नरम केश, उभिंडा घुँडाछुने लामो हात, लामापातला औंला, ठूलो फराकिलो निधार र सुवर्ण झै चमकिलो वर्ढा । उनको वर्ण हेर्दा जस्लाई पनि एकटकले हेरिरहौं झै लाग्नु स्वाभाविकै हो ।

यस्तो मुग्धकारी रूप-माधुर्यका धनी सिद्धार्थ कुमार शहरको भ्रमण गरेर आफ्नो राज उद्यान फर्के । सेवकहरूले उनलाई नुहाई-धुलाई सुन्दर वस्त्र- आभूषणले सुसज्जतित पारे । उनको जीवनको यो आखिरी सजावट थियो । उनी रथमा बसेर राजमार्ग हुँदै आफ्नो महल तर्फ लागे । राजमार्गमा एउटा हवेलीमा बस्दा किसा गौतमी नामको एकजना युवती बसिरहेकी थिइन् । तिनी राजकुमारको रूपश्री देखेर विमुग्ध भइन् र एउटा गीत गाइन् ।

**निब्बुता नून सा माता, निब्बुतो नून सो पिता ।**
**निब्बुता नून सा नारी, यस्सायं ई दिस्सो पतीति ।**

त्यस माताको सारा इच्छापूर्ण तथा चित्त शान्त भयो होला, त्यस पिताको सारा इच्छा पूर्ण तथा चित्त शान्त भयो होला जस्लाई यस्तो पुत्र प्राप्त भयो । त्यस पत्नीको सारा इच्छा पूर्ण तथा चित्त शान्त भयो । होला जस्लाई यस्तो पति प्राप्त भएको छ । कुमारी किसा गौतमी राजकुमार सिद्धार्थको भौतिक शरीरको रूप-माधुरी देखेर मुग्ध भइन् । परन्तु राजकुमारले त्यसै दिन वृद्ध, बिरामी, मृत र सन्यासीलाई देखेर संसारप्रति पूर्णतया निर्वेदको भावले भरेको थियो । उनले 'निब्बुता' शब्द सुन्दा कानमा निर्वाण शब्द परेको जस्तो झनन्न भयो । सारा तन-मनमा फैलियो । निब्बुता त त्यही हो जस्कोभित्र राग, द्वेष, मोहको अग्नि निभिसकेको छ । यी कुमारी मलाई निर्वाण प्राप्त गर्नको लागि प्रेरित गर्दैछिन । मुक्ति मार्गमा अगाडि बढ्न उत्तेजित गर्ने मानौं यी पहिलो आचार्य हुन् । कृतज्ञता-विभोर राजकुमारले आफूले लगाई राखेको मोतिको बहुमूल्य हार गुरुदक्षिणास्वरूप गौतमीलाई दिन पठाए, मानौं यो शरीर जीर्ण हुँदैछ, अब गहनाको आवश्यकता छैन । यस शरीरको सही उपयोग गरेर राग, द्वेष, मोहबाट मुक्त भएर निर्वाणको साक्षात्कार गरौं र जीवन सफल बनाऊँ । त्यही रात सिद्धार्थ राजकुमारले सत्यको खोजी गर्न घर त्याग गरे । अनोमा नदी पार गरेर आफ्नो सुन्दर केश काटे, बहुमूल्य वस्त्राभूषण त्यागेर भिक्षुको गेरूवस्त्र धारण गरे र मुक्तिको खोजीमा अगाडि बढ्दै गए । उता किसागौतमी भने राजकुमारको बहुमूल्य हार पाएर आफ्नो निवेदन स्वीकार गरेर उपहारस्वरूप यस्तो हार दिएछ भन्ने ठानेछ । उसले 'योनिसोमनसिकार' मात्र नगरेको होइन अर्थात् आफ्नो चिन्तन नै ठीक दिशामा गर्न सकेन । कुमारको रूप माधुरी देखेर त्यस कामातुरी कामिनीको अङ्ग-अङ्गमा वासनाको तरङ्ग फुट्यो । उसलाई यस दर्शनबाट के भयो, भवबन्धन बाँध्दै गाए, भव्बन्धनबाट मुक्ति पाउन सकेन । ♦


यस अङ्क



आनन्दभूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

गताङ्कमा






रजिष्टर्ड नं. १००/०६२-६३

**क्रमिक वचत गर्ने बानी बसालौं**
**बोट नमासी मिठो फल खाऔं**

# इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.

गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८
**इमेल:** indrenico_operative@yahoo.com

## इन्द्रेणी सहकारीको रेमिट सेवा

WESTERN UNION मनि ट्रान्सफर | PRABHU Money Transfer | meroremit | NABIL REMIT | UNION MONEY TRANSFER CO.LTD.

**संसारको जुनसुकै ठाउँबाट पठाएको रकम**
**सप्ततारा इन्टरनेशनल प्रा.लि.**
**मार्फत**
**इन्द्रेणी सहकारी गुरूजुधारामा तुरून्तै पाइन्छ ।**
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८

सन्दर्भ : धम्मवती गरुमांको ७७ वर्ष-विशेष धार्मिक कार्यक्रम

# साहसकी प्रतिमूर्ति : धम्मवती-१

✍ कोण्डन्य

बुद्धजन्मभूमि नेपालको इतिहासमा थेरवाद बुद्धशासनको पुनर्जागरित इतिहास वि. सं. १९८५ मा प्रेम बहादुर (नानीकाजी) श्रेष्ठले कुशीनगरमा बर्मेली भिक्षु उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा प्रव्रज्यादीक्षा ग्रहण गर्नुभएपछि शुभारम्भ भएको इतिहास हामी सबैलाई थाहा भएकै विषय हो । यही नै आधुनिक नेपालको इतिहासमा थेरवाद बुद्धधर्मको बिउ रोप्ने तथा जग-स्थापनाको ऐतिहासिक घटना हो । पुनर्जागरणकालको गोधुलीको इतिहासलाई फर्किहेर्दा भारतमा बुद्धधर्मका पुनरूद्धारक अनागारिक धर्मपालद्वारा प्रभावित धर्मादित्य धर्माचार्य, तिब्बतको खामबाट धर्मप्रचारार्थ आउनुभएका क्यान्छा लामा (कुनसाङ् लोसेल्), पं. निष्ठानन्द, भिक्षु महाप्रज्ञा, भिक्षु कर्मशील-प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु धर्मालोक, स्वयम्भू ज्ञानमाला भजन खलः आदिको योगदान अविस्मरणीय छ । राणा शासक श्री ३ चन्द्र शमशेरले वि. सं १९८२ मा महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई धर्मप्रचारकै निहुँमा स्वदेशबाट निष्काशन गरेको इतिहासपछि थेरवाद बुद्धशासनमा भिक्षु महाप्रज्ञाको प्रादुर्भाव भएको देखिन्छ । महाप्रज्ञा, कर्मशील, अमृतानन्दजस्ता कर्मठ थेरवादी दीक्षितहरूको आगमनपछि नेपाली नारीहरूलाई अनागारिका-दीक्षा दिलाई बुद्धधर्ममा नारीहरूलाई समेत प्रव्रजित जीवन गुजारा गर्न बि. सं. १९८८ मा पुण्यतारा, चँछिमि र संघतारा उपासिकाहरू क्रमशः अनागारिका रत्नपाली, धर्मपाली र संघपाली नेपालकै इतिहासमा प्रथम अनागारिका प्रव्रजित-दीक्षा प्राप्त गर्न सफल भए । धर्मप्रचारकै दौरानमा वि. सं. २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शमशेरले भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मी, चारजना श्रामणेरहरू अग्गधम्म, रत्नज्योति, कुमार र प्रज्ञारसलाई देश निकाला गरियो ( निष्काशितमध्य आचार्य भिक्षु कुमार काश्यप महास्थविर जीवित इतिहास हुनुहुन्छ) भने त्यसैको आन्दोलनस्वरूप वि. सं. २००१ मंसिर १५ गते धर्मोदय सभाको गठन भएको हो । यसबीच वि. सं. २००३ बैशाख ५ गते श्रीलंकाली भिक्षु नारद महास्थविरको नेतृत्वमा आएको बौद्ध शिष्ट मण्डलको आगमनपछि श्री ३ मद्म शमशेरद्वारा निष्काशित भिक्षुहरू पुनः स्वदेश भित्रिन प्रवेशाज्ञा प्राप्तिपछि थेरवाद बुद्धशासनको उदय-उन्नतिको गतिशील इतिहास शुभारम्भ भएको देखिन्छ ।



थेरवाद इतिहासलाई निरन्तरता दिने क्रममा अनागारिका धर्मचारी (लक्ष्मीनानी उपासिका), अनागारिका धर्मशीलाको साहसिक यात्राले नेपाली बौद्ध नारीजगतमा नयाँ आयामिकता थपिएको इतिहासमा अनागारिका धम्मवतीको उदयपछि अभ बहुआयामिक सशक्तता थप्ने कार्य भएको जीवन्त इतिहास आज समग्र बुद्धशासनिक क्षेत्रमा उल्लेखनीय पाटो भएको छ । नेपालको वर्तमान अवस्थामा प्रव्रजित नारीमध्ये गुरुमां धम्मवती नै सबैभन्दा सशक्त एवं प्रभावशाली अनागारिका हुन् भने उहाँकै नेतृत्वमा नेपाली अनागारिकाहरू प्रवाहित छन्, आज उहाँ ७७ वर्ष ७ महिना ७ दिन ७ घडी ७ पलाको सांस्कृतिक अनुष्ठानको विकल्पमा धर्मकीर्ति विहार परिवार तथा अन्तर्राष्ट्रिय गौतमी विहार, लुम्बिनीको आयोजनामा विशेष धार्मिक शुभकार्य हुनु सम्बद्ध सबैका लागि सुखकर-शान्तिकर विषय भएको छ । उहाँको जीवनीपक्षका बहुआयामिकताका विषयमा यस सानो लेखविशेषमा बेलिविस्तार गर्नु सम्भव नभए पनि संक्षिप्तमा प्रस्तुत गर्नु प्रासाङ्गिक हुनेछ ।

पाटनस्थित वकुबहालका पिता हर्षमान शाक्य तथा माता हेराथकुं शाक्यको कोखबाट वि. सं. १९९१ (सन् १९३४) मा जन्मिएका गणेश कुमारी एकलौटी सुपुत्री हुन् । सुमङ्गल विहारमा भिक्षु प्रज्ञानन्दको आगमनपश्चात् उहाँबाट धर्मदेशना सुन्नेहरू मध्येमा प्रभावित उपासिका हेराथकुंले सानी छोरीलाई विहारमासँगै लिएर कुशल संस्कारमा संस्कारित गरिएअनुरूप गणेशकुमारीमा धर्मसम्बन्धी चासो

बढ्नु स्वाभाविक हो । त्यतिबेला वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर बर्माबाट फर्केर सुमङ्गल विहारमा बस्नुहुँदा जम्मा हुने ससाना नानीहरूलाई लोकनीति, त्रिरत्न वन्दना, परित्राण-पाठ, धम्मपद आदि सिकाउनुहुन्थ्यो । त्यतिबेला जम्मा हुने नानीहरूमध्ये रूद्रराज (दिवंगत भिक्षु सुदर्शन महास्थविर) र गणेशकुमारी निकै जेहेनदार-मिहेनती सावित भएकाले यी दुबैजनालाई बुद्धशासनमा प्रव्रज्यादीक्षा प्रदान गरी बर्मा देशमा उच्चशिक्षा अध्ययनार्थ पठाउन पाए हुन्थ्यो भन्ने गुरू भिक्षु बुद्धघोषमा ठूलो आशा पलाएको थियो । त्यसैअनुरूप रूद्रराजले इच्छागरेअनुसार उनलाई कुशीनगरमा सुदर्शन श्रामणेरको नाउँबाट प्रव्रज्या प्रदान गरियो । लक्ष्मीमाया उपासिका (वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरका माता) का छोरीहरू मनोहरदेवी र शुभलक्ष्मी तथा हेराथकुंकी छोरी गणेश कुमारी बर्मा जाने उद्येश्य राखी भिक्षु बुद्धघोष कुशीनगरमै छँदा त्यहाँ पुगेलगत्तै वि. सं. २००५ (सन् १९५०) मा बर्माका भिक्षु धम्मावुधद्वारा मनोहरदेवीलाई अनागारिका मागधी, शुभलक्ष्मीलाई अनागारिका माधवी) र गणेशकुमारीलाई अनागारिका धम्मवती भनी नयाँ प्रव्रजित नाम प्रदान गरियो । यसरी गणेशकुमारीले आमाको प्रेरणा पाएर विहारमा गई सिकेको धर्मानुसार जीवन जिउनुमा उत्कृष्ट प्रव्रजित जीवन धारण गर्न पाएर धर्म र समाजको सेवा गर्ने जुन लक्ष लिएकी थिइन्, त्यतातिर मोडिन सुलभ नयाँ जीवन पाएर उनी अत्यन्त हर्षले विभोर भइन् ।

यौवनमत्तापूर्ण त्यो जवानीको वैंश, भर्खर १४ वर्षकी कलिली उमेरकी धम्मवतीको जीवनले नयाँ गतिसँगै उतारचढावपूर्ण संघर्षलाई आत्मसात गर्नुपऱ्यो, वस्तुतः उनले भोग्नुपर्ने ती संघर्षमय जीवन-गाथाले उनको भविष्यत् जीवनलाई उत्कर्षमा पुऱ्याउन उर्जाको भूमिका निर्वाह गरेको सम्भवतः त्यसबेला उनी आफै अनभिज्ञ थिए होला । नारीहरूले अध्ययन गर्नै नहुने, लेखपढ गरेमा बिग्रिने सोच हावी भएको तात्कालीन सामाजिक परिवेशभित्र अफ परदेशमैं जानसक्नु कम साहस र आँटको कुरा होइन । दुईटी संगीनी नेपाल फर्कन बाध्य भए भने भिक्षु धम्मावुधसँगै जस्तोसुकै व्यवधान पार गर्न पनि तम्तयार, आफ्नो लक्षप्राप्तिलाई बाजीका रूपमा मोडिएको नौलो जीवनमा भोग्नुपरेका धेरै कठिनाई पार गर्दै उनी कलकत्ताहुँदै आसाम पुगे । पैदल यात्राको दौरान नागालैण्ड हुँदै जङ्गलको कठीन यात्रा भयंकर खतरनाक थियो, यद्यपि आजको समयमा भए त्यस्तो यात्रा रोमाञ्चक हुने थियो होला । नागाजातिको खुलमखुल्ला भेषभूषा देखी धम्मवती गजब भए त धम्मवतीको खौरिएको तकलु कपाल देख्दा उनीहरूले केटा हो कि केटी हो भन्ने ठम्याउनै सकेन । हात्तीमाहुतेहरूसँगैको जङ्गलयात्रा अत्यन्त भयानक थियो, अजङ्गको अजिङ्गर, कालो सर्प, डरलाग्दो बाघजस्ता जनावरहरू प्रत्यक्ष रूपमा देख्दा उनको सातोपुत्लो गई एकचोटी बेहोश नै भइन् । धेरैदिनसम्म दुःखकष्ट झेलेर, खतरा मोलेर, अनेकौं जङ्गल पार गर्दै, कयौं पहाडका उकालीओराली चढ्दै, मानवशून्य उजाड ठाउँमा जङ्गलीसरह जीवनयात्राको थकान र प्यास त्यो पनि विशुद्ध धर्मप्राप्तिको लागि खतरा मोलेको त्यो यात्राको गन्तव्य अति नै कष्टप्रद थियो । सम्भवतः त्यस्तो भएरै अगाडि बढेको जीवन भएर नै होला उनको जीवनमा संस्कारजन्य उर्जाशक्ति अफ सशक्त हुँदै अगाडि बढ्यो । छ दिन छ रात लगातार हिंडाइपछि मिचिना शहर पुग्छ, तर अर्को प्रशासनिक लफडामा फँस्छ । आखिर विना पासपोर्ट र विना भिसाको यात्रा र जमानीको अभावका कारण अन्ततोगत्वा कठ्याँग्रिएको कारागारमा समेत धम्मवतीले रात गुजारा गर्नुपऱ्यो । छ महिना रंगूनमा बसेरै लामो प्रशासनिक तथा कानूनी-अदालती कामकारवाहीपछि उनले भिसापाए, र त्यसपछि

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel : 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np
**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

वि. सं. २००९ आश्विन ८ गते भिक्षु धम्मावुधको अभिभावकीय शासनिक प्रयासमा गुरुमां दो. पञ्ञाचारीले धर्मगुरूत्व स्वीकारेपछि **मोलमिन**को सुप्रसिद्ध **खेमाराम**मा प्रवेश गर्ने सुअवसर पाइन् ।

मेहनती धम्मवतीले त्यहाँ पुगेपछि आफ्नो लक्षसहित अध्ययनमा कम्मर कसेर नै पढे, परिणामतः वर्षदिनभित्रै सद्धम्मपालक परीक्षा प्रथम श्रेणीमा प्रथम भई आफ्नो सामर्थ्यता उजागर गर्न सफल भइन् । विभिन्न तह उत्तीर्ण गर्दै बर्मादेशको सर्वोच्च धार्मिक शिक्षा **सासनधज धम्माचरिय** (शासनध्वज धर्माचार्य) अर्थात् बुद्धशासनको ध्वजा फरफराउनमा सामर्थ्य कहलाइएको उपाधि प्राप्तिपछि वि. सं. २०१८ मंसीर ६ का दिन उनलाई छैठौं धर्मसंगायनास्थल महापाषाण गुफामा सरकारीस्तरले भव्यताकासाथ ससम्मानपूर्वक उक्त उपाधि प्रदान गरिएको थियो । धम्मवतीले १४ वर्षसम्म बुद्धवचन-त्रिपिटकको अध्ययनपछि वि. सं. २०१९ मंसिर १७ का दिन नेपालमा धर्मप्रचार-प्रसार गर्ने विशुद्ध अभिप्राय-उद्येश्यसहित दो. गुणवतीसँगै नेपाल आउनुभयो ।

नेपाल आगमनपछि थेरवाद बुद्ध-शासनलाई जनमानसमा फैलाउन विशेषतः प्रभावकारी प्रवचनशैलीका कारण अनागारिका धम्मवतीको प्रसिद्धि दिनानुदिन लोकप्रिय व्यक्तित्वका रूपमा स्थापित हुँदैगयो । परिणामस्वरूप उहाँकै अथक प्रयासस्वरूम श्रीघःविहार, नघलटोल परिसरमा वि. सं. २०२२ सालमा धर्मकीर्ति विहारको स्थापना भयो, यस विहार यौटा प्रभावशाली केन्द्रका रूपमा विकास हुँदै गयो, यहाँबाट सक्षम उपासकउपासिकाहरूको भूमिका देखिए भने त्यस विहारलाई वि. सं. २०५९ मा पूर्णरूपमा पुनः निर्माण गर्ने धार्मिक गौरवपूर्ण कार्य गर्न सफल भए, यसका लागि दाता उपासक द्रव्यमान सिं तुलाधर (भाइराजा साहु) तथा दाता उपासिका बसुन्धरा तुलाधर परिवारको स्मरणीय योगदान रहेको छ । यसपछि विविध आयामिक रूपले धार्मिक मर्मका माध्यमले सामाजिक परिवर्तन गर्दैजान जुन भूमिका निर्वाह भयो, त्यसकै उपज हो वि. सं. २०२८ साल जेष्ठ ७ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संस्थापना । यसबीच धर्मकीर्ति विहारबाट मिशनकै रूपमा बुद्धधर्मको प्रचारप्रसार गर्न युवावर्गलाई परिचालन गरी राष्ट्रियस्तरमा विविध धार्मिक एवं सामाजिक क्रियाकलापलाई बढावा दिंदै जेजस्ता कृयाकलाप एकपछि अर्को स्वरूमा अगाडि बढाइएको थियो, त्यसमा वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, दो. गुणवती तथा अनागारिका धम्मवतीको त्रिपक्षीय धर्मसम्मत सामूहिक प्रयासले सफलिभूत भूमिका निर्वाह गरेको देखिन्छ । आजको धर्मकीर्ति बौद्ध मासिकको निरन्तर प्रकाशन तथा बुद्धधर्म र पालिसाहित्यसम्बन्धी सयौं प्रकाशनमालाको निरन्तर प्रवाह उल्लेखनीय योगदानकै रूपमा लिन सकिन्छ । अनागारिका धम्मवतीको नेतृत्वमा धर्मकीर्ति विहारसम्बद्ध धार्मिक तथा सामाजिक यात्राले बहुआयामिक क्षेत्रमा प्रभाव जमाउन सफल भएअनुरूप राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बौद्ध जगतमा गुरुमां धम्मवतीको बुद्धशासनिक छवी प्रस्फुरण हुन पायो ।

क्रमशः .......

दर्ता नं. २०४६/०६५-०६६
एक होइन सबै सबल बनौं ।
सबै पापहरूबाट मुक्तहुनु, कुशल धर्म सेवन गर्नु, चित्तलाई विकाररहित
मुद्दती वचतमा १३ प्रतिशत व्याज
दैनिक वचतमा ६.५ प्रतिशत व्याज
बलम्बु च्याउ सहकारी संस्था लि.
बलम्बु , काठमाण्डौ
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com

# बुद्धधर्म भित्रका तीन यानबीच समन्वय हुनु समयको माग



✍ लोकबहादुर शाक्य

२०६४ कार्तिक १३ गतेको सन्ध्या-टाइम्स दैनिक पत्रिकामा डा. नरेशमान वज्राचार्यबाट लिखित "**देखा छुखः ? थौं कन्हय् छु जुयाच्वन?**" शीर्षकीय लेखमा "दीक्षा प्राप्त गरिरकेकामध्ये पनि धेरै जसोले बुद्धधर्मका आधारभूत सिद्धान्त अनित्य, दुःख र अनात्माको ठीक विपरीत शाश्वतवादी, देववादी, ईश्वरवादी, आत्मावादी भइरहेका छन्, आधारभूत शील पंचशीलको विपरीत मासु र रक्सि दुरूपयोग गरिरहेका छन्, बुद्ध-व्यवहार समानताको ठीक विपरीत जातीय लैङ्गिक छुवाछुत भेदभाव फलानाले छोएको खानु हुँदैन आदि वैज्ञानिक, असामाजिक नातिकुतिको व्यवहार गरिआएको छ" भनी विद्यमान विकृति उल्लेख गर्नुभएको छ । स्वयम् वज्रयानी धर्मगुरू नरशेज्यूले साहसपूर्वक विकृतिलाई छर्लङ्ग पारिदिनुभएकोले उहाँ साधुवादको पात्र ठहरिनुभएको छ ।

वज्रयान सम्प्रदायको चक्रसंवर दीक्षाको मुख्य दर्शन सप्तत्रिंशारसम्बोधिपाक्षिकाको षष्ठम् ७-बोध्यङ्ग छमा "उपेक्षाबोध्यङ्ग भनेको संसारमा रहेका कीटपतङ्ग, पशुपंक्षी, मनुष्य आदि जाति प्राणीहरू ती सबै एकै जातको नाता कुटुम्ब सम्भी आफू र पर भन्ने भावना त्यागेर परमोपासक भएर सकलसत्त्व प्राणीलाई रक्षा उद्धार गर्ने कारणमा सर्वत्र उपेक्षा धारण गरिरहनु हो" भनी उल्लेख गरिराखेकोले दीक्षा प्राप्त गरेकाले मात्र होइन सबै बौद्धहरूले यस बुद्धदर्शनलाई पालन गर्नु गराउनु सद्धर्म अनुकूल रहेको छ ।

हिरण्य वर्ण महाविहार वज्राचार्य गुठी क्वाःबाहाः पाटनद्वारा आयोजित २०६७ माघ १ गतेका दिन सबै सत्त्व प्राणीका उद्धार कामनार्थ र विश्वशान्ति कामनार्थ हिरण्य वर्ण महाविहारको प्राङ्गणमा शाक्यमुनि भगवान् बुद्धले देशना गर्नुभएको महायानी नवग्रन्थ-सूत्र वज्राचार्य गुरूजुहरूबाट पाठ भएको तथा २०६७ पौष ६ गतेदेखि १५ गतेसम्म निम्न उल्लेख्य बौद्ध विद्वानहरूबाट इलाननीमा महायानी नवग्रन्थ विषयक प्रवचन सम्पन्न भएको सह्राहनीय छ ।

१. डा. नरेशमान वज्राचार्य- **आर्यप्रज्ञापारिमिता-सूत्र**
२. रत्नराज वज्राचार्य- **आर्यगण्डव्यूह-सूत्र**
३. डा. वज्रराज शाक्य- **आर्यदशभूमिस्वर-सूत्र**
४. सुरेन्द्रमान वज्राचार्य- **आर्यसमाधिराज-सूत्र**
५. मिनबहादुर शाक्य- **आर्यसद्धर्मपुण्डरीक-सूत्र**
६. गौतमवीर वज्राचार्य- **आर्यअभिलंकावतार-सूत्र**
७. यज्ञमानपति वज्राचार्य- **आर्यतथागतगुह्यक-सूत्र**
८. डा. भद्ररत्न वज्राचार्य- **आर्यललितविस्तर-सूत्र**
९. पुष्परत्न शाक्य- **आर्यसुवर्णप्रभासोत्तम-सूत्र**

उपरोक्त नवग्रन्थ-सूत्रपाठ तथा प्रवचनलाई लिएर काठाडौंका उपासक उदासले सन्ध्या-टाइम्स पत्रिकाको २०६७ पुष १६ गते यस प्रकार आफ्नो मनसाय प्रकट गरेको मनन गर्नलायक रहेको छ- "वज्रसत्व नै गुरू मानिरहेका हुन् यहाँका विभिन्न वज्राचार्य गुठीहरूले । उनीहरूले प्रचार तथा देशना गर्ने बुद्धधर्मलाई वज्रयान भनिन्छ । वज्रयान विषयमा जनता जजमानहरूलाई सुशिक्षित तथा तालिम गर्ने भएकोले गुरूभाजु (गुभाजु) हरूलाई वज्र-आचार्य भन्ने पद र उपाधि दिइएको हो । वज्राचार्य गुरुहरूबाट महायानी नवग्रन्थ-सूत्रपाठ तथा विभिन्न विद्वानहरूद्वारा प्रवचन सुनाउने कार्यक्रम सबै प्राणी उद्धार तथा विश्वशान्ति कामनार्थ भएकोले स्वागतयोग्य छ । यहाँ पाठ गर्ने नवग्रन्थमध्येमा केवल प्रज्ञापारमिता एक छोडेर अरू आठवटा वज्रयानी सम्प्रदायको मान्यताप्राप्त सूत्रग्रन्थ हुन् भन्ने अन्वेषकहरूको निष्कर्ष छ । यस तथ्यलाई जानकारी नभई वा किन हो महायानी नवग्रन्थ भनी प्रचार गरिएको छ। यदि प्रचार गरिएअनुसार सबै महायानअन्तरगतको धर्मशास्त्र हो भने यसलाई बोध हुने गरी प्रवचन दिन वज्राचार्य होइन महायानाचार्य मात्र भन्न सुहाउनेछ, गुरू वज्राचार्य नै कहलाउन त वज्रयानी ग्रन्थ प्रस्तुत गर्नुपर्ने हुन्छ ।

मृगदावनमा बुद्धले प्रथम धर्मचक्रप्रवर्त्तन गर्नुभएकोलाई श्रावकयान भनिन्छ । त्यसपछि बुद्ध गाउँ-गाउँ नगर-नगर भ्रमण गरेर बुद्धधर्म प्रचार गर्नुभएको ६ वर्षको अवधिमा हजारौं भिक्षु, अन्धविश्वासलाई निर्मूल गर्दै अनुपलम्भ दृष्टिकोणबाट लोककल्याणकारी कार्यक्रम तदारूकतासाथ अग्रसर गराउन राजगृहको गृद्धकुत पर्वतमा हजारौं अर्हत् भिक्षुहरूलाई "**चरथ**

**भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय.........**" अनुरूप घर घरमा गएर बुद्धधर्म प्रचार गर्न, सम्बोधन गर्नुभएको द्वितीय धर्मचक्रप्रवर्त्तनलाई माहायान भन्ने प्रचलन छ । महायानको विशाल सिद्धान्तअनुरूप निर्वाण मार्गमा चर्या गरिरहे पनि व्यवहारमा अहंकार, ममकार, सेखी, घमण्डी, तामसी भावना नराखी आफू मात्र तरेर जाने आकांक्षा पनि नराखी अनुपलम्भ दृष्टिकोणबाट सर्वसत्त्व प्राणीको उद्धार गर्ने बोधिसत्त्व चर्या निरन्तर गरिरहने मनसाय देखापर्‍यो "**बुद्धो भवेयम् जगतोहिताय**" अनुसार सिद्धार्थ कुमार आफू तरेर जाने लक्ष्यले बुद्ध हुनुभएको नभै लोककल्याणको निम्ति बुद्ध हुनुभएको स्पष्ट छ । महायानीहरू दान, शील, क्षान्ति, वीर्य, ध्यान, र प्रज्ञा समावेश भएका षटपारमिता-चर्या गरेर क्लेशावरण मात्र होइन ज्ञेयावरणबाट समेत पार हुनुपर्ने सिद्धान्त अपनाउँछन् ।

पाटन प्यंगः थां सिजः बहालमा आनन्द राज शाक्यको निवासमा आयोजना भएको हप्ताको दुईपटक गरेर दशमहिनासम्म पं. दिव्यवज्र वज्राचार्यले बोचिचर्यावतार ग्रन्थको धर्मदेशना गर्नुभएको थियो । धर्मदेशना विसर्जन समारोह गर्ने सिलसिलामा भएको एक तथ्य कुरो महायान सिद्धान्त स्पष्ट गर्न उल्लेखनीय छ । विसर्जन समारोहमा पूजा गरेर प्रसाद खाने कुरा चलेको बखत पण्डितज्यूले "**महायानमा सरसामान राखेर पूजा गर्ने प्रचलन छैन । मानसिक पूजा (वन्दना, पूजना, पापदेशना, अनुमोदना, अध्येषणा, याचना, पुण्यपरिणामना मात्र) छ । वज्रयानमा मात्र अनेक सरसामानको व्यवस्था गरेर पूजा गर्ने प्रचलन छ**" भनी स्पष्ट गर्नुभयो । उक्त विसर्जन समारोहमा यो कुरा पनि महत्त्वपूर्ण भयो कि पण्डितज्यूलाई अर्पण गरेको सामूहिक दक्षिणा रू. पाँच हजार पनि उहाँले बोधिचर्यावतार-ग्रन्थ नेपाल भाषमा अनुवाद गरेर प्रकाशनको निम्ति प्रदान गर्नुभएको महायानी चर्या भयो ।

२०६४ कार्तिक १३ गतेको सन्ध्या-टाइम्स दैनिक पत्रिकामा प्रकाशित "**देखा छु खः ? थौंकन्हय् छु जुयाच्वन?**" शीर्षकीय डा. नरेशमान वज्राचार्यको लेखमा "**महायानको नयाँ नाम वज्रयान**" भनेर उल्लेख गरिएको रहेछ । माथि उल्लेखित पं. दिव्यवज्र वज्राचार्यको देशनाअनुसार महायानमार्ग अलग हो । महायानको नयाँ नाम वज्रयान नभएको तथ्य कुरो यथार्थ रूपले बुझ्न सक्नेभयो । एकपटक पाटन हःखा टोलको धम्मसाकच्छा संघबाट आयोजित कार्यक्रममा डा. नरेशमान वज्राचार्यले प्रवचनको सिलसिलामा महायान वज्रयान एकै हो भनेर बोर्डमा समेत उल्लेखगरी देशना गर्नुभएकोमा पं. दिव्यवज्र वज्राचार्यको उपरोक्त देशनाअनुसार महायान वज्रयान अलग हो भनेर प्रश्न उठाउँदा आफू पनि पं. दिव्यवज्रकै शिष्य हो भनेर गोलमडोल जवाफ दिनुभयो । सन्ध्या-टाइम्स दैनिक पत्रिका २०६४ मंसीर १२ गते प्रकाशित "**सिजलय् लुँसीगु ज्या विद्वानं यायेमज्यू**" शीर्षकीय यस लेखकको लेखमा महायानको नयाँ नाम वज्रयान भनेर के आधारमा लेख्नुएको स्पष्ट उत्तर दिन डा. नरेशमान वज्राचार्यलाई अनुरोध गरेको तर अहिलेसम्म कुनै प्रकारको जवाफ पाउन सकिएन ।

बुद्धधर्म वैज्ञानिक दृष्टिकोणको धर्म भनेर विश्वले मानिआएको छ । कसैकसैले महायानमा तन्त्रमन्त्र मिसाउने गरेको पनि देखिन्छ । बुद्धले तन्त्रमन्त्रको देशना गर्नुभएको उल्लेख देखिंदैन । यस्तो संकेतलाई वैज्ञानिक भनिंदैन । यसैले शुद्ध-बुद्धधर्मअनुसार महायानमा तन्त्रमन्त्र मिसाउन नहुने स्पष्ट भएको छ । अर्कोतर्फ वज्रयानीहरूले प्रज्ञामूर्ति सिर्जना गरेर प्रयोगशालाअनुरूप अनेक सरसामान साधन जोरेर जप-व्रत, पूजा-पाठ, अध्ययन-ध्यान गर्ने अनि तन्त्रमन्त्रको व्यवहार देखिए पनि यी सबै उपायकौशल्य मात्र हो । यथार्थ कुरो बुझ्नेन भने अर्थको अनर्थ पनि हुनसक्छ । लामा सम्प्रदायतर्फ मजबूतसाथ चर्यामा लागेर गृहस्थी भएर पनि यही जीवनमा महामुद्रा सिद्धि प्राप्त गर्ने वज्रयानको मनसाय भएको पनि पाइन्छ ।

बुद्धधर्ममा हाल श्रावकयान (थेरवादी), महायान, वज्रयान गरी तीन यान देखापरेको छ । तीनै यानभित्र पञ्चशीलदेखि निर्वाणसम्म जस्तोकि- १) पञ्चशील, २) चतुरार्यसत्य, ३) आर्यअष्टाङ्गिकमार्ग, ४) चतुर्ब्रह्मविहार ५) प्रतीत्यसमुत्पाद, ६) सप्तत्रिंशत्सम्बोधिपाक्षिका, ७) दशपारमिता ८) दशभूमि मानिआएका छन् । हिमाली आदिवासी महासंघको कार्यक्रममा बौद्धहरू ठाउँ र परम्परागत आधारमा जुनसुकै सम्प्रदाय र समूहमा रहेपनि बुद्धको पञ्चशीलदेखि निर्वाणसम्मको सिद्धान्त एउटै भएको भनी स्पष्ट गर्नुभएको कुरा सबैले हृदयङ्गम गर्नलायक छ । त्यसैले बुद्धधर्मको नाममा विभिन्न यानमा छरिएर रहेका सम्प्रदायहरूले माथिको पञ्चशीलदेखि निर्वाणसम्मकालाई बुद्धधर्म मानिआएको हुँदा आपसी समन्वय कायम गरेर मेलमिलापको वातावरण सिर्जना गरेर सबै प्रकारको बुद्धधर्महरूलाई एउटै बुद्धयानको रूपमा अघि बढाउन समयको माग छ । अबको समयमा धर्मलाई रोजागारीको विषयमा सीमित गर्नुहुन्न । ब्राह्मणवाद र पुरोहित-तन्त्रको शोषण र उत्पीडनबाट मुक्त हुन र धर्मपरिवर्तनको वर्तमान श्रृंखलालाई रोक्न पनि समयमै विचार-विवेक पुर्‍याई भावीसन्ततिको उज्वल आध्यात्मिक जीवनको निमित्त स्वच्छ, सरल र बोधगम्य सद्धर्मको रूपरेखा कोर्नु जरूरी छ । ♦

# बुढेसकालको दर्द-पीडा

- जरादुःखी शाक्य, आश्रमपुर



मुटुभन्दा प्यारो छोरो भन्दै
हुर्काइएका ती छोराहरूले
यौवनको माद अनि पत्नीको मोहमा
विवेक हीन, अन्धा भई
कटु-वचन प्रहार गरी
मुटु छिया छिया पारी
सडकछेउ पुग्नेगरी घरबाट लाट मार्छन्
तब त्यस बेला विवशतासँगै भौंतारिने, अनि
भिखमङ्गे, कङ्गाल प्यासीसरी यो दुःखीलाई
नालीको पानी पनि मीठो भए झैं भो
अझ मृत्युरूपी रसपान समेत प्रणीततर लागिरहेछ

कट्कट् दाँत बजाई बस्नु छ यहाँ
उराठ-सडकको परित्यक्त एक किनारामा
माघको ठण्डा शीतोष्ण घाममा
पुग्छ पेटमा एक मुट्ठी अन्न
बाटोमा भेटिने बटुवा-पथिकहरूको दयामा
असह्य दुःख-पीर सहन नसकी
आह्वान गर्छु काललाई बारम्बार
तर हाय् ! यमराजको कान बाक्लो भएसरी सुनेकै छैन
वज्रपातसरी अकल्पनीय जे परिवर्तन छायो यो जीवनमा
के यो मेरो कर्मफल-कर्मविपाक नै हो त !? या
मोडर्न युगको उल्टो युगान्तकारी परिवर्तन-द्योतक
नयाँ शिक्षा, सभ्यताको फल हो ?

**मधुव मञ्ञती बालो - याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ बालो दक्खं निगच्छति ।।**

पापयागु फल मवःतले मूर्ख थःम्हं यानागु पापयात कस्तिसमान भालपाः च्वनी, तर गुखुनु पापयागु फल भोग यायेमाली उखुनु तिनि उम्ह मूर्ख दुःखी जुइ ।

- धम्मपद

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
ह्वनाछैं, पाको, न्यूरोड, काठमाडौं
फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# सन्दर्भ : बुद्धधर्मसम्बद्ध तीन यान



✍ अष्टमुनि गुभाजु

बुद्धधर्मको सन्दर्भमा एकछिन नियालेर हेर्दा तुरुन्तै हामीले देखिहाल्ने वा आभाष हुने केही कुरा छ, त्यो त्रियान अर्थात् श्रावक-यान, प्रत्येकबुद्ध-यान, र सम्यक्सम्बुद्ध-यान । तीनै बुद्धयानले हामीलाई एउटै कुरा सिकाइरहेका हुन्छन्- बुद्ध, धर्म र संघको शरण नै हामी मानवहरूको निम्ति शरण्यस्थल हो अनि स्तूत्य, मान्य, पूज्य हो जसबाट हामीलाई पार तारिदिने हुन्छ । यसको निमित्त मानिसहरूले केही केही कुराहरू पूर्वाधारको रूपमा पूर्ण गर्नुपर्नेछ, यसैलाई नै शायद अनुशासन भन्दो हो ।

मानवमात्रलाई हितसुख हुने परोपकारी कर्ममा आफूलाई समर्पित भावले एकात्म्य गरिसकेपछि उदय हुने एउटा भावधार छ- त्यो हो विराग-वैराग्य-शान्ति=स्थिर चित्तको स्वाभाविक अभिवृद्धि । यसबाट हामीलाई कस्सिएर बाँधी तानेर ल्याइएपछि अनायासै वा स्मृतिपूर्वक सत्त्वप्राणीको हितार्थ केही गरौं, वा गर्न सकौं भन्ने भावना अभिप्रेरित गरी संवृत्ति र आध्यात्मिक जीवनतर्फ मानवअगाडि बढ्दै रहन्छन् अनि आफूले पनि केही सिद्धिलाभ गरी त्यसलाई सर्वसत्त्वमा सुलभ गराउने कार्यमा ऊ अभिमुखरित भइरहन्छ । यही पवित्र लक्ष्य लिएर लम्करहेकाहरूको लक्ष्य (उद्देश्य) भनेकै जीव (सत्त्वार्थ) सेवा भइरहन्छन् । त्यस्ताको हृदय सदा मैत्री र करूणायुक्त भएर निक्लेशी, निरहंकारी भई दशअकुशलबाट विरत भएर आफ्ना प्रत्येक पाइला, श्वासप्रश्वासको कार्य पनि होशपूर्वक सम्पादन गरिराखेका हुन्छन् । त्यसको चित्त सदा श्रद्धायुक्त, विनीत भावले भरिएको, लज्जालु भई विचरण गरिरहेको हुन्छ ।

बुद्धधर्ममा वर्णित त्रिरत्न वन्दनाले ओगटिरहेका जति पनि घेरा (क्षेत्री) छन्, चारआर्यसत्यदेखि लिएर बोधिपक्षीय धर्मसम्म पनि एक पछि अर्को अतिक्रमण गर्दै एक व्यक्तिले अनुत्तर सम्यक्सम्बोधिको लागि बोधिचित्तोत्पाद गरी बोधिमण्डपसम्म अगाडि बढिरहेका हुन्छन् । तहगत रूपमा ऊ आफूले इच्छा गरेका कर्मफल हेतुको रूपमा संग्रह भएर आई सम्पूर्ण साधनाले आवश्यक भूमिका खेलिरहेका हुन्छन् । एक पछि अर्को हुँदै साधकले वीर्यवलद्वारा सम्पूर्ण मारकायिक अवस्था र स्थितिहरूमा विजयभाव प्रकट (प्रकाशित) गर्दै आफ्नो लक्षित उद्देश्यमा पुगेरै छोड्छन् । यसको लागि आफूले पूर्ण गर्नुपर्ने विविध प्रावधानहरूमध्ये मूलतत्त्व भनेको हाम्रो जीवनमा असाध्यै व्यावहारिक र प्रचलित कुरा-पारमीधर्म पूर्ण गर्ने एउटा हो । यो पारमीधर्ममध्ये दशमारमी, बीसपारमी र तीसपारमी पूर्ण गरी क्रमबद्ध बोधिमा प्रस्थानचित्त उत्पन्न गर्दै गइरहेका सत्त्वहरू उकालो चढ्दै जाने गर्छन् । त्यसरी जानेबेलामा कसले केमा चित्त उत्पन्न गर्छ उसले त्यसैमा आफूलाई प्रतिष्ठित गरिलिन्छन् । यस हिसाबले हेर्दाखेरि बोधिमार्ग जे भनेपनि त्यसको लक्षित क्षेत्र भनेको मुक्ति (मोक्ष) नै भइरहन्छ । बुद्धले देखाउनुभएको धर्म र संघमा आदर गौरव राखी अघिबढ्नु उसको कदम हुनुपर्छ, आखिर शीलसंवरदेखि लिएर आफूलाई परिशुद्ध गर्दै जानेबेलामा आफूलाई विशुद्ध गरिने त स्वभाव धर्म नै भयो । तर पनि बुद्धधर्मको क्षेत्रमा शब्द-सत्यको आधारमा हेर्दाखेरिख प्रचलित प्राचीनकालका तीन आदर्शरूप देखिएका छन्- श्रावक बोधि, प्रत्येकबोधि र सम्यक् सम्बोधि ।

१. **श्रावकबोधिः-** श्रावक र पृथक्जनको समान लक्ष्य दुःख निवृत्ति भएतापनि पृथक्जनसँग उपायज्ञान हुँदैन जब कि श्रावकले उपाय जान/बुझेको हुन्छ । यो मार्ग बोधिको ज्ञान हो । चारआर्यसत्यमा यो मार्गसत्य हो । यो बोधिज्ञान पाउनलाई शास्ताहरूको उपदेश चाहिन्छ, त्यसैले यो उपदेशबाट पाउने ज्ञान हो । पुद्गलहरू धर्म, अर्थ-काममारत् हुन्छन् । श्रावकहरूको दुःख पुद्गलनैरात्म्य ज्ञानले वा प्रतीत्यसमुत्पाद ज्ञानले निरोध हुन्छ । धर्मनैरात्म्य वहाँहरूमा हुँदैन तसर्थ वहाँहरूलाई श्रेष्ठ निर्वाण लाभ हुँदैन, तर पनि ज्ञानको आगोबाट क्लेशको अशुद्ध वासनात्मक आवरण भष्म हुन्छ, यी धातुमा जन्म हुने सम्भावना हुँदैन । जन्म-मृत्यको प्रेत्यभावबाट मुक्त हुन्छ ।

श्रावकहरूको ज्ञान पुद्गल नैरात्म्यको अवबोध रूप हो । पुद्गलवादीहरूको अगोचर हो । श्रावकहरूमा क्लेशावरण हुँदैन त्यसैले वहाँहरूको ज्ञान सूक्ष्म छ । परउपदेशक हेतुकज्ञान षोडशाकार प्रभावित र गम्भीर छन् । (मेरो आफ्नो दृष्टिमा यति नै सम्पूर्ण अर्थात् सबै हैन । उद्देश्य प्राप्तिको लागि अझ अगाडि बढ्नुपर्छ वीर्यको पराकाष्ठा अतिक्रमित भई ध्यान र प्रज्ञाको मार्गबाट सम्यक् सम्बोधिलाई अनुभूत गर्नुसम्म भएपनि प्रयत्न त गर्नैपर्छ ।)

२. **प्रत्येकबोधिः-** वहाँहरूको आदर्श श्रावकहरूको भन्दा श्रेष्ठ हुन्छ । वैयक्तिक स्वार्थलेप्रेरित भएकोले र आधार पवित्र भएको कारण अरूको उपदेश प्राप्त गर्नु आवश्यक हुँदैनन् । पूर्व श्रुतादि अभिसंस्कारले प्रेरित भई स्वयं बोधिलाभ गर्छन् । बुद्धत्त्व पनि प्राप्त गर्छन । विवेकरूपी प्रतिभायुक्त भई सबैको उपदेश विनाःनै ज्ञान प्राप्त गरिलिन्छन् । यो लौकिक र शब्दद्वारा प्रकट हुने ज्ञान होइन । यी बोधि बुद्धत्त्वको लागि प्रार्थना हो तर 'सर्वज्ञता' वहाँहरूको प्रार्थना होइन ।

प्रत्येकबुद्धहरूको ज्ञान मृदु इन्द्रिय हो । त्यसैले श्रावकहरूले नदेखिने (अगोचर) हुन् । ज्ञेयावरणको लेशमात्र पनि अर्थात् ग्राह्यवरण पनि हुँदैनन् । तसर्थ अति सूक्ष्म ज्ञान पनि हो । आफूस्वयंले बुझेर लिने ज्ञानरूप तनमनको एकात्म्य मात्रले पनि उत्पन्न हुने भएकोले अति गम्भीर पनि हो । ग्राह्य-विकल्प परिहत, त्यसैले शब्दको उच्चारण नगरिकनै पनि धर्मको उपदेश दिन्छन् । आफ्नो पूर्वज्ञानको सामर्थ्यले आरूलाई कुशल कर्ममा स्थित गरिराख्छन् । उच्चारणरहित सहित भएकोले अरूसँग वहाँको वार्तालाप, कुराकानी सम्भव हुँदैन । तहगत भेदको हिसाबाले यस बोधिलाई श्रावक बोधिको नजिक रहेको देखिन्छ, यस हिसाबमा एउटै वर्गमा राखिएको देखिन्छ ।

३. **सम्यक् सम्बोधिः-** यो श्रेष्ठ आदर्श हो । सम्यक् सम्बुद्धलाई भगवान बुद्ध भन्दछन् । यो अनुत्तरको सम्यक् सम्बोधि हो । यसको लक्ष्य अति उदार छ । यस सम्बोधि प्राप्तिको लागि क्लेशावरण, ज्ञेयावरणलाई यत्नपूर्वकै निमिट्यान्न पार्नुपर्छ । तर यतिले मात्रै बुद्धत्व लाभ हुँदैनन् श्रावक र प्रत्येक बुद्धको द्वैतभाव छुट्दैनन् । सम्यक् सम्बुद्धत्व पूर्णतः अद्वैत भाव हो । बुद्धावस्था अनन्त ज्ञान (सर्वज्ञता) को अवस्था हो । त्यसैले यो महाबोधि हो । अनन्त ज्ञानको साथसाथै अनन्त करूणा पनि रहिरहन्छन् । सत्त्वार्थ क्रिया, परार्थावादनको भाव यही वीजन हुन्, बुद्धको/प्रधान कारण पनि हुन् । बोधिसत्त्व चर्या (जीवसेवा) यो आदर्श बोधिसत्त्वहरूले बोधित्वलाभ गर्नसक्ने तत्त्व हुन् ।

करूणाले युक्त भएकाहरू दुःख भोगबाट हराउँदैनन् । उसको दुःख भोगले अरूको दुःख शान्त भएर जान्छन् । महाश्रावकहरू आ-आफ्नो आयुसंस्कार कम भएर निर्वाण हुन (नसके तापनि) नपाए तापनि त्रिधातुक जन्मबाट मुक्ति पाउँछन् अर्थात् मुक्त हुन्छन् । बुद्धक्षेत्रमा वा अनाश्रव धातुमा समाहित भएर कमलपुतमा जन्म हुन जान्छन् अर्थात् कारूणिक क्षेत्रमा जन्म हुन पुग्छन् । फेरि आमाको गर्भमा प्रवेश हुँदैनन् । अमिताभसहितको सम्बुद्धहरूको तेजले उक्त कमलयोनिमा समाधिस्थ भइरहेका सत्त्वहरूलाई आफ्नो किरणले वहाँमा भएका अन्धकार, मोहलाई नाश गर्न उद्यत भइरहन्छन् । यसबेला यो गतिशील हुन्छ अनि क्रमैसँग बोधिसम्भार (पुण्य र ज्ञानले युक्त) संचय गर्दै सम्यक् सम्बुद्धत्व (सर्वज्ञ) जगद्गुरूको पद प्राप्त गर्छ, तर यो आगमकुरा हो । एक पक्षका कुरा यो भयो भने अर्को पक्षलाई पनि एकपटक नियालेर हेरौं :-

१. श्रावक, २. प्रत्येक र ३. सम्यक् सम्बुद्धत्व, यी तीनवटा बोधिलाई आवश्यक तत्त्व भनेको पारमी धर्म नै हुन् । पारमी धर्मको हिसाबले यसप्रकार विभाजन गरिराखेका छन्:- १) पारमी २) उपपारमी र ३) परमत्थपारमीः- यी तीनवटै पारमीलाई एउटा एउटा पारमीसँग जोड्दै लाने हो भने ती सबै पारमी हुनगयो । सम्यक् सम्बुद्ध हुनलाई तीसपारमिताधर्म पूर्ण गरी अधिकार प्राप्त गरिसकेको हुनुपर्ने र प्रत्येकबुद्धलाई पारमी, उपपारमी गरी बीसपारमिताधर्म पूर्ण गर्नुपर्ने भयो । त्यस्तै श्रावकबोधिको लागि दशपारमितापूर्ण गर्नुपर्ने कुरा उल्लेख गरिराखेको छ । अर्को भाषाबाट भन्नुपर्दा पारमी श्रावकको हुन्छ । उपपारमी प्रत्येक बुद्धले पूर्ण गर्छन् । पारमार्थपारमी सम्यक् सम्बुद्धले पूरा गर्ने हुन् । बोधिसत्त्वभूमिमा रही परमार्थको लागि गरिने गुणधर्मलाई पारमी भन्ने गरेजस्तै आफ्नो लागि पूरा गरिने गुणधर्मलाई उपपारमी भन्ने गर्छन् । अरूको लागि गरिने दानादि गुणधर्मलाई परमार्थपारमी भन्ने गर्छन् । (दशपारमिता, नेपाली, पृ.५-९)

यी भए- प्राचीनकालका प्रचलित कुरा । अब आएर यसलाई प्रायः जसो अतिक्रमण गरी श्रावकयान/महायान/वज्रयान भन्ने धेरै प्रचलनमा आउनथाल्यो । सामान्यतः विहारमा बस्ने गृहत्यागी भिक्षु-अनागारिकाहरूलाई श्रावकयानी, गुम्बामा बस्ने तिबेटियन मूलकाहरूलाई महायानी र गृहस्थ कर्म पुरोहित्योँई गर्दै रहने वज्राचार्यहरूलाई वज्रयानी भन्ने प्रचलनमा आइरहेको छ । वास्तवमा साँच्चै भन्ने हो भने- जसरी श्रावक-प्रत्येकबोधि एउटै वर्गमा राखेर हेर्ने प्रयत्न भएको छ त्यस्तै नै महायानी र वज्रयानीलाई पनि एउटै वर्गमा राखेर हेर्नुपर्ने आवश्यकता मेरो दृष्टिकोण हो । किन भने महायानी भनाउँदाहरू लामा, शेर्पा, तामाङ्ग आदिले पनि गृहस्थ भई पूजा-कर्मकाण्ड कार्य गर्दैरहनुभएकाहरू नभएका हैनन् ।

पारमीधर्मको हिसाबले त्रिबोधि अर्थात् तीनवटा बोधिमध्ये एउटालाई अपनाई बोधिप्रस्थान गर्नुलाई नै पारमी

भन्ने हो भने त्यही बोधिले निर्वाणसम्मा पुऱ्याइदिने हुन् । यस हिसाबले अर्हत्व प्रार्थना पूर्ण गर्ने पवित्र चर्यालाई श्रावकबोधियान भन्ने हो वा भन्ने गर्छन् भने प्रत्येक बुद्धत्वप्रार्थना पूर्ण गर्ने चर्यालाई प्रत्येक-बोधियान भन्ने गरिन्छ । त्यस्तै नै बुद्धत्व (सर्वज्ञत्व) अर्थात् सम्यक्सम्बुद्धत्व-प्रार्थना पूर्ण गर्नेलाई महाबोधियान अर्थात् महायान भन्ने गरिन्थ्यो । (दशपारमिता, नेपाली, पृ. ३)

यस अर्थले श्रावकयान चर्याबाट उक्लँदै त्यसको फलविपाक अर्हतत्व लाभ हुने अवस्थासम्मलाई पनि त्याग गरी बोधिसत्त्व चर्या गर्दै सर्वसत्त्वको हितार्थमा अनेक कल्पकोटी जन्मधारण गर्दै, भवसंसरण गर्दै स्मृतिपूर्वक चर्या गर्दै पारमीधर्महरू पूर्ण गरी अन्तमा मनुष्य जन्मधारण गरी भिक्षुत्व धारण गरी महाभिनिष्क्रमण गरी बोधित्वलाभ गर्नुभई सर्वज्ञ हुने अर्थात् सम्यक्सम्बुद्धत्व पद हासिल गर्ने कार्य महायानमा आएर पूरा हुने कुरामा दुईमत हुनुपर्ने कुनै कारण देखिएन । पारमीधर्म पूरा गरी सम्यक्सम्बुद्ध हुने हो । श्रावकबोधि र प्रत्येबोधिलाई सम्यक् सम्बुद्धत्व प्राप्त भएको कुरा देखाइराखेको कतै कहिं देखिएन भने आखिरमा मन्त्र-योग-तन्त्र आदिको समागमबाट पछि 'वज्रयान' भन्ने गरिएको पनि यो पछिको कुरा मात्रै भयो । हुन त मन्त्रविज्ञान अति प्राचीनकालदेखि नभएका हैनन् । यसको प्रचण्ड प्रभावले यस शक्तिको दुरूपयोग हुने कारणले आचार्यहरूले मन्त्रमूलक साधनालाई जन-साधारणमा प्रचार गर्दैनन् । गुप्तभावले यसको अनुष्ठान हुन्छ । (आचार्य नरेन्द्रदेवको बौद्धधर्म-दर्शन)

भगवान् शाक्यमुनि बुद्धले सर्वप्रथम सारनाथको मृगदावनमा चारआर्यसत्यको धर्मदेशना गर्नुभयो भन्ने कुरा छ । यस्तै राजगृहको गृद्धकूट पर्वतमा पारमितामार्गको धर्मदेशना गर्नुभयो भन्ने कुरा छ । त्यस्तै बौद्ध तन्त्रयानको (तान्त्रिक सम्प्रदाय) विश्वासअनुसार धान्यकटकपर्वतमा भगवान् बुद्धले तेस्रो धर्मदेशना गर्नुभएको (तेस्रो धर्मचक्र प्रवर्त्तन) भन्ने कुरा छ । त्यसैलाई वज्रयान धर्मको धर्मचक्रप्रवर्त्तनको रूपमा लिइएको देखिन्छ । वज्रयानमा मन्त्रयानलाई प्राधान्यता दिइराखेको छ । वज्रयान शाक्यमुनिभन्दा पहिला दीपंकर तथागतको ताका (पाला)देखि प्रचलित छ । यसको उपदेशक दीपंकर बुद्धस्वयं हुनुहुन्थ्यो । तर समयको धारले यसलाई दबाउँदै लगियो, लोप हुँदै हराए । अनि यसको परम्परा टुटेर गए । फेरि उत्तरकालमा यसको रूप वज्रयोगको रूपमा प्रकट भयो । यी यावत् कुरा प्रचलित मान्यताअनुसार मान्दै आइरहेको छ । तर मन्त्रनयको साधना आध्यात्मिक योग्यताको आधारमा निर्भर हुन्छ । यसको व्याख्या योगाचार र माध्यमिक दृष्टिबाट मात्र हुन सकिन्छ भन्ने कुरा रहेको अनुसार पनि सम्यक्सबुद्धहरूको विषयको कुरा भएकाले सर्वसाधारणले यसतर्फ त्यतिको चासो वा अभिरूची नराखेको अर्थात् चासो राख्न नसकेको हुनसक्छ । आखिर जसले जे भनेपनि यस पंक्ति लेखकको आफ्नै भिन्न मत छ, त्यसैमा आफू दृढ पनि छ कि जुन व्यक्तिको चित्त प्रज्ञोपाययुक्त कमल योनिसम्मको अवस्थामा पुगिसकेको हुन्छ, करूणायुक्त, शून्यताविहारी हुन्छ, बोधिप्रस्थान चित्तबाट अगाडि बढ्दै अनेक ज्ञानसम्भार, पुण्यसम्भार परिपाक भैसकेका हुन्छ- बोधिको सम्पूर्ण तहबाट सुशिक्षित बोधिसत्त्व, महासत्त्वको दृष्टिबाट हेर्दा के श्रावकयान, के प्रत्येक बुद्धयान, के महायान ? त्यसको लागि यान भन्ने तीनवटा छैन, एउटै मात्र यान हुन्छ । अशैक्ष (नबुझेका) हरूको लागि मात्र अनेक यान, अनेक मार्ग हुन्छ । तर छ भन्ने पनि छैन, छैन भन्ने पनि छैन, सर्वधर्मको विकल्प शून्य, स्वयम्भू-धर्मधातु-आदिबुद्ध स्वयंआफै, आफ्नै शरीरमा चित्तस्वरूप भएर बसिराखेको छ जसलाई बाह्य भौतिक संसारमा खोज्दै हिँडेर कहाँ भेटिन्छ ? यसलाई हामीले आफूमै कुण्ठित पार्दै मात्र कल्पनाजालरूपी चक्रब्यूहमा फँसाउँदै गइरहेको मात्र छ । सूक्ष्म चित्त संवेगले एकचोटी संस्मरलाई अवलोकन गरेको खण्डमा अनुभूत हुन आउने शायद यो 'एकक्षणभिसंबोधि' ज्ञान हो । जसलाई साक्षात्कार गर्न नसकेर हामी त्रियानको कल्पना भ्रमजालमा अल्झिँदै गइराखेको पो हो कि ?

त्यसो होइन भनेदेखिन फेरि एकपटक आफैले आफूमा प्रश्न गरौं- कुन यानमा के कुरा एउटा छैन ? कुन यानमा के एउटा कुरा बढी छ ? अध्ययनको विषय त आखिर त्यति नै हैन र ? जति वज्रयान/महायानमा छ त्यति श्रावक र प्रत्येक बुद्धयानमा छ/मात्र चित्त एउटा मात्रै त भयो- भावनाको कुरामा चित्तवृत्तिबाट प्रस्थान गरी बोधिमण्डपसम्म पुगी- सम्यक् (सम्बुद्ध) सम्बोधिसम्मको कुरामा । यत्ति नै ।

(लगन-दलाछि, काठमाडौं । २०६७।१०।२४ सोमवार) सन्दर्भग्रन्थः-

१. दशपारमिता-आचार्य भिक्षु कुमार काश्यप, सुखीहोतु नेपाल ।
२. बौद्ध धर्मदर्शन- आचार्य नरेन्द्रदेव- मोतिलाल बनारसीदास पब्लिशर्स प्रा.लि. दिल्ली ।
३. सम्यक्सम्बुद्ध निर्वाणमार्ग- पं. जोगमुनि वज्राचार्य, जगतउद्धार महाविहार, स्वयम्भू, भुइखेल । ♦

# धर्मविनयप्रति सजग-सतर्क हुनसकौं

**सद्धम्म शाक्य** "साधक", परियत्ति सद्धम्म कोविद



भगवान् बुद्धले दुर्लभ र कठोर त्याग-तपस्या गरी अनमोल धर्मरत्न अथवा धर्मको मुख्यसार पत्ता लगाई बहुजन हिताय बहुजन सुखायको लागि लाग्नुभयो । उहाँको यो महान कार्यप्रति म सधैं नतमस्तक छु र म पनि धर्मलाई गम्भीर रूपमा मनन गर्दै शील, समाधि र प्रज्ञायुक्त भावनामा जीवन जीउने प्रयत्न गर्दै धर्मको सार प्राप्त गर्ने कोशिस गरिरहेको छु । यौटा गम्भीर र सचेत साधकको हैसियतले श्रद्धेय भन्ते र गुरूमांहरूलाई सदा आदर र सम्मानभाव व्यक्त गर्दछु । भर्खर भर्खर थेरवादी परम्पराअन्तर्गत शुद्धधर्मको अभ्यास भइरहेको समयमा यसलाई अझै विकास गर्नु आवश्यक छ । वास्तवमा शील, समाधि र प्रज्ञासहित जीवन जिउनु अत्यन्त कठिन कार्य हो । बुद्धधर्मको सार शील, समाधि र प्रज्ञामैं निहित भएकोहुँदा त्यसलाई प्राप्त गर्न सबैले ठूलो मेहनत गर्नुपर्छ ।

अब विषय प्रवेश गरौं- कुरा गत पुष ४ गते साँझ ५:३० बजेको हो, हामी भृकुटीमण्डपमा सार्क राष्ट्रको व्यापारिक मेलामा घुमिरहेका थियौं । त्यही समयमा केही युवा-भन्ते तथा युवती-गुरूमांहरू सँगसँगै हिंडिरहेका देख्यौं । सो व्यापारिक मेलाको अवलोकनपछि उहाँहरू Fun Park (मनोरञ्जनस्थल) पुगी रोटेपिङ्गमा पनि चढ्नुभयो, अझ यौटै बास्केटमा बसी अशोभनीय व्यवहार गरेको पनि प्रत्यक्ष देखियो । हामी ध्यान-साधकहरूलाई यो प्रत्यक्ष दृश्यले निरस तुल्याउनु स्वाभाविक हो । रोटेपिङ्गमा बस्दा नै कमसेकम भन्ते-भन्ते र गुरूमां-गुरूमां बस्नुभए पनि हुने, सार्वजनिक स्थलमा हिंडडुल गर्दाको मर्यादा ख्याल गरिएन भन्ने बारे हामीबीच कुराकानी पनि भयो । नभन्दै यी दृश्यहरूलाई हामीले कैद गर्न पनि भ्यायौं, त्यसपछि पनि उहाँहरूले बाटोमा मकै खाँदै हिँड्नुले उहाँहरूको शीलसदाचार, धर्म र विनय बारे मनमा प्रश्न उब्जियो । त्यसबाट कतै धर्मको दायराभन्दा बाहिर गई विधिव्यवहार भयो कि भन्ने जस्तो लाग्नु अस्वाभाविक नहुनसक्छ । वास्तवमा ती कृयाकलापहरू भन्ते-गुरूमाँहरूलाई असुहाउँदो नै थियो, धर्म विपरीत एवं विनयसंगत छ भन्न गाह्रो हुनसक्छ । हरेक मान्छेलाई हरेक समयमा कसै न कसैले नियालिरहेको, चियाइरहेको र पछ्याइरहेको हुन्छ भने झन सार्वजनिक स्थलमा जाँदा सबैको आँखा भन्ते-गुरूमांप्रति चासो भइराख्ने उहाँहरूलाई थाहा हुनुपर्ने थियो, सबैले यस कुराको हेक्का राखी हरेक समयमा सजग एवं सतर्कता अपनाउनु पर्ने देखिन्छ ।

वास्तवमा बुद्धशासनलाई चिरस्थायी बनाइराख्न धर्म र विनयमा अडिक रहनु पर्छ र यस कार्यमा युवा भन्ते-युवती गुरूमांहरूको महत्त्वपूर्ण जिम्मेवारी रहेको हुन्छ । तर धर्म र विनयको सीमा नाघेर अशोभनीय र असान्दर्भिक कार्य गर्दा बुद्धशासनले ठूलो क्षति व्यहोर्नु पर्ने हुन्छ । अन्ततः हाम्रो शुद्ध तथा गौरवमय धर्ममा आँच आउने सम्भावना यथेष्ट रहने हुन्छ । उछृंखल युवायुवतीहरूको जस्तो अपाच्य कृयाकलापले हामीजस्तो श्रद्धालु उपासक उपासिकाहरूको उहाँहरूप्रति भएको श्रद्धा र सम्मानमा ठेसलाग्न सक्छ । यद्यपि सबै भन्ते-गुरूमांहरू यस्ता खालका कृयाकलापमा संलग्न हुनुहुन्न तर पनि एकाध यस्ता अवांछनीय मनोवृत्तिका कारण समग्र बुद्धशासनलाई नै हिलो छ्याप्ने कार्य हुने भएकोले

यस्तो प्रवृत्तिलाई सम्बद्ध निकायबाट समयमै निराकरणको उपाय खोजिनु राम्रो हुनेछ । शासनलाई नै धक्का पुऱ्याउने यस्ता गतिविधि-कृयाकलापलाई जो कसैले भुलेर पनि बार बार डोऱ्याउनु हुँदैन । विनयमा बाँधिएर भन्ते-गुरूमांहरूले बुद्धशासनलाई दिगो एवं चिरस्थायी बनाउनमा हरदम प्रयास जारी राख्नुपर्छ । परिणामतः सर्वसाधारण जनताले औंला ठड्याउन सक्दैनन् ।

उपरोक्त घटनाक्रमलाई सार्वजनिकीकरण गरेर सम्बद्ध भन्ते-गुरूमांहरूप्रति व्यक्तिगत लांछना लगाउने कुनै किसिमको आशय, दुराशय नभई समग्र बुद्धशासनलाई यस्ता अवांछित कृयाकलापले गर्दा भविष्यमा समेत बुद्धशासनलाई धक्का नलागोस् तथा पुनः पुनः यस्ता कार्यप्रति सम्बद्ध पक्ष सजग रहन यस लेखनीबाट मार्गप्रशस्त होस् भन्ने रचनात्मक अभिप्राय रहेको विनम्रपूर्वक जानकारी गराउँदछु । धर्म तब मात्र शुद्ध हुन्छ, जब यसलाई अनुकरण गर्ने अनुयायीहरूले शुद्धरूपले अङ्गाल्न सक्ने हुन्छन् । त्यसो त हर कुरा हर पक्षको राम्रो र नराम्रो पाटो हुनसक्छ, जस्तो कि उज्यालोपछिको अन्धकार, अनि अन्धकारपछिको उज्यालो । निश्चय पनि हामीले अन्धकारपछिको उज्यालो पक्षलाई रोज्नु पर्छ जसले संबोधिज्ञानतर्फको विमुक्ति-यात्रालाई सुलभ एवं सहजीकरण तुल्याइदिएको हुन्छ ।

त्यसो त अन्तर्राष्ट्रिय जगतमा नेपालका भन्ते-गुरूमांहरू ध्यान-साधनामय मार्गमा पछि परेका छन्, विनय पालनमा ध्यान पुऱ्याउँदैनन् भन्ने जस्ता आलोचना गर्नेहरू एकातिर छन् भने त्यसमाथि उल्लेख्य अवांछित कृयाकलापले त्यस्ता आलोचना गर्नेहरूलाई अझ मलजल थप्ने कार्य हुन जाँदैन र? यदि परदेशीहरूको आलोचना सही हो भने त्यसको समाधानको उपाय समयमै खोजिनु बुद्धिमत्तापूर्णको विषय हुनेछ, यसलाई रचनात्मक कदम मानिन सकिन्छ । बुद्धशासनको आधारभूत तत्त्व वा जगलाई नै बेवास्ता गर्दै जाने हो भने समस्या अझ विकराल हुँदै जाने सुनिश्चित छ । मानव समाज जहाँ शुद्धता र सत्यता छ, त्यहीं झुक्ने र आकर्षित वा प्रभावित हुने गर्छन् । भगवान् बुद्धको समयमा पनि उहाँको शुद्ध विधिव्यवहारको प्रभावका कारण तत्कालीन राजा, महाराजा, कुलीन-सम्भ्रान्तवर्गहरूले सहज रूपमा बुद्धशिक्षालाई अङ्गाली त्यसैअनुरूप बुद्धशिक्षालाई जनमानससमक्ष प्रचार-प्रसार गरेका घटना बौद्ध साहित्यमा यत्रतत्र उल्लेख भएको हामी देख्दछौं । हामीले शुद्धधर्मको मर्ममा प्रतिष्ठित भएर अगाडि बढ्न जमर्को गर्नुपर्छ, यसलाई आफू अनुकूल सदुपयोगको नाउँमा दुरूपयोग गर्नु धर्मविपरीत वा धर्मविरोधी कार्य हुनसक्छ । त्यसैले जो कसैले आफ्नो मनलाई शुद्ध पारी अकुशल कर्मबाट बचेर कुशलकार्यको सम्पादन गरी अरूलाई समेत सही मार्गमा डोऱ्याउन सके हामी सबैको कल्याण हुन्छ, यसैमा सबैको भलो निहित हुन्छ । त्यसो त चाहे भन्ते-गुरूमां होस्, चाहे गृहस्थ उपासक उपासिका होस्, सबै सबै स्मृतिवान र प्रज्ञावान भई बुद्धशासनको परिशुद्धतालाई कायम राख्ने गहन जिम्मेवारीपूर्ण कार्यमा हामी सम्बद्ध सबैको उत्तिकै भूमिका रहने कुरामा सबैको ख्याल रहनु पर्छ ।

अन्तमा, हामी सबैले आपसी मैत्रीभावयुक्त भई विधिव्यवहार गर्न सक्यौं भने आपसी वैरभाव तथा क्रोधलाई निमिट्यान्न पारी अगाडि बढ्न सक्ने हुन्छौं, परिणामतः द्वेषभाव र क्रोधपूर्ण मानसिकता समाप्त हुनेतर्फ लम्किन सकिने हुन्छ । दुर्लभ एवं शुद्धधर्म, बुद्धशासन प्राप्त गर्नु हाम्रो लागि अहो भाग्यको विषय हो । सबै सबै भन्ते-गुरूमांहरूप्रति श्रद्धायुक्त आदरभाव प्रकट गर्दै, उहाँहरू सबै शील, समाधि र प्रज्ञा साथसाथै अष्टाङ्गिक मार्गमा प्रतिष्ठित भई यसलाई सही ढङ्गले पालना गर्नसके धर्मचक्र पुनः अनुप्रवर्त्तन गर्न सकिने छ, त्यस्तो दृश्य हामी हेर्न चाहन्छौं र त्यही शुद्धतामा हामी नतमस्तक भएर झुक्न चाहन्छौं । ♦

सद्धर्म चिरस्थायी होस् ।

*(सकारात्मक-रचनात्मकयुक्त परिवर्तनमुखी हेतु संप्रेषित यस रचनालाई यथासम्भव व्यक्ति-स्थानविशेषलाई कुनै प्रकारले ठेस नलागोस् भनी धर्म-मर्यादित तवरमा सम्पादन गरिएको छ- सं.)*

# पुलबजारमा वृद्धवृद्धाहरूको सम्मान हेर्दा



✍ आशाकाजी सेवक

कुनै जमानामा भनाइ थियो "मातृ देव भवः, आचार्य देव भवः" मतलब हो आफूलाई जन्मदिने आमाबाबु, अनि शिक्षा दिने गुरू देवता समान हुन् । यो पुरानो भावना, सम्मान र भनाइ आजको भौतिकवादी युगमा धेरै फरक भइसक्यो । पछि झन बढी फरक हुँदै एक दुई प्रतिशत वा शून्य भनुँ फेदसम्म नै नपुग्ला भन्न सकिन्न । पहिला हामी विद्यार्थी हुँदा पढाउने शिक्षकको मुख हेर्न पनि साहस थिएन । हामी शिक्षक हुँदा शुरू शुरूमा विद्यार्थीको विधि व्यवहारबाट हामी प्रभावित हुन्थ्यौं । फलाना सर आयो भनेर चुरोट खाइरहेको, गुच्चा खेलिरहेका विद्यार्थीले देख्ला भनेर कुलेलम ठोक्थे । अहिले चुरोट खानलाई सलाई माग्न पनि नडराउनेजस्ता छन् हाम्रा विद्यार्थीहरू । सानातिना हामी जस्ता शिक्षकहरूका कुरा छाडौं । नेपालका उच्च शिक्षा दिने विश्वविद्यालयका मुर्धन्य डाक्टर प्रोफेसरहरूलाई त विद्यार्थीहरूले उपहास गर्दारहेछन् । विद्यार्थीहरूको अपमान नखाने ठूला विद्वान प्रोफेसर तथा पदाधिकारीहरूको खोजिगर्‍यो भने नपाउला भन्न सकिन्न तर औंलामा गन्न भ्याउला कि ? कहिं त कहिं, कहिले न काहीं एक दुई पटक भएपनि अपमान चाखेकै होलाजस्तो लाग्छ मलाई ।

त्यस्तै वृद्धवृद्धाहरूको दयनीय अवस्था हेर्दा धेरै टाढा जानु पर्दैन । ओल्लो घर पल्लो घर । ओल्लो गाउँ र पल्लो गाउँका अवस्था हेरे पुग्छ । अचेल औषधी विज्ञानको चमत्कारले मानिसको आयु पनि लम्बिएका छन् । जसरी जति लम्बिए त्यसरी त्यत्तिकै सुखशान्ति भने वृद्धवृद्धाहरूमा पाइएको छैन । किनभने आजको जमाना भौतिकवादको हो । यस भौतिकवादमा मानिसहरू स्वार्थी हुन्छन् । परिवार भन्नाले लोग्नेस्वास्नी र अविवाहित केटाकेटीहरू मात्र हुन् । यस एकल पारिवारिक प्रथाले गर्दा बूढो आमाबाबुहरू पीडित हुन पुगेका छन् । सन्तान जन्मँदा सन्तानको मुस्कान हेरेर जति दङ्ग हुन्छन् उत्तिकै पीडा सन्तान ठूलो हुँदा आफू बूढो हुँदा हुने रहेछन् । वृद्धवृद्धाहरूलाई सकिन्छ भने स्वस्थ्यकर खाना, सकेन भने आफूले जे खाएका छन् त्यहीमात्र खान दिएर, लगाउन दिएर राखे पनि लाख पुगेको समान हुन्छ ।

प्रायः सरकारी वृद्धाश्रममा बसिरहेका वृद्धवृद्धाहरूका आवाज सुनिन्छ- घरबाट निकाला गरिदियो । धन सम्पत्ति खेतीबारी अलिकति थियो तर पनि बुहारीले खान नदिने, छोराले गलहत्याउने अनि सरकारी वृद्धाश्रममा नआए के गर्ने भनेर झारेको आँशु हेर्न नसकिने हुन्छ । नीजि तथा सामुदायिक वृद्धाश्रमहरूमा स-शुल्कमा हुने खानेले नै पालनपोषण गर्ने नभएर आएका हुँदाहरेछन् । किनभने कोही विदेश जान्छन्, घरमा कोही हुँदैन । परिवारका मानिसहरू नभएपछि स-शुल्क वृद्धाश्रममा बस्नु नै राम्रो बासस्थान हुन् । **उदाहरणको लागि काभ्रे जिल्लाको बनेपा नगरपालिकाको-४ नं. वडामा बौद्ध वृद्धाश्रम पाइन्छ । अचेल मासिक तीनहजार लाग्छ । घर परिवारमा भन्दा बढी सुखशान्ति र राम्रो वातावरणमा बस्न पाइने व्यवस्था छ** । आफैले हेरचाह गर्न नभ्याउनेले सशुल्क वृद्धाश्रममा राखेमा ठूलो सेवा हुनेछ । आमाबाबुको सेवा गर्ने- यो पनि एक प्रकारको विकल्प हो । यसमा कसैले औंला ठड्याउने छैन ।

कुरा २०६७ असोज २४ गतेको हो । जनागाल उग्रतारा गा.वि.स.को कार्यालय पुलबजार (बनेपा) मा त्रिरत्न रञ्जितकार, सकुल थापा, चन्द्रबहादुर खड्का, विष्णप्रसाद सापकोटा, महेश्वरकाजी श्रेष्ठ, सानुभाइ विष्ट, रामशरण के.सी. तथा सुरज के.सी.हरूका सक्रिय भूमिकामा उग्रतारा गा.वि.स.का सबै वडाहरूका ३१ जना 'जेष्ठ नागरिक सम्मान कार्यक्रम २०६७' अन्तरगत सम्मान गरेको देखियो । म हेर्न गएँ । मूल कुरो के भने त्यस गा.वि.स.का कममा ८० वर्ष लागेका र त्यसमाथिका वृद्धवृद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम रहेछ । सबभन्दा बढी उमेरका ९५ वर्षीय बुद्धिबहादुर

खड्का हुनुहुन्थ्यो भने ८० वर्षका धनकुमारी कार्की हुनुहुन्थ्यो । अरूहरू ८० र ९५ बीचका हुन् ।

उग्रतारा गा.वि.स. का सचिव विष्णुप्रसाद सापकोटाको सभापतित्वमा सञ्चालन भएको उक्त सम्मान कार्यक्रममा सम्मानित हुनेहरू हुन्- बृद्धिबहादुर खड्का, सानुबाबु थापा, टीकाबहादुर मगर, गुणनीति दाहाल, नन्दकुमारी बस्नेत, कृष्णकुमारी थापा, बासुदेव थापा, हेमबहादुर थापा, झंकनाथ हुमागाई, दलबहादुर तामाङ, कृष्णकुमारी के.सी., भद्रकुमारी कुँवर, ठूलीकान्छी बन्जारा, रूद्र गिरी, रणकुमारी दाहाल, मैयाँ थापा, पदमकुमारी थापा, विष्णुहरि सिग्देल, मुरली थापा, गेहेन्द्रबहादुर थापा, पुतली खत्री, रामकुमारी गौतम, जेठी विष्ट, रणबहादुर विष्ट, धर्मबहादुर देउजा, वेणीबहादुर खड्का, हर्कलाल हुमागाई, धनकुमारी कार्की, कान्छी बन्जारा, दुर्गाप्रसाद गौतम र भवानी थापा गरी ३१ जना थियो । एउटा कुरो ८९ वर्ष र ८० वर्ष नाघेका जेष्ठ नागरिकहरू त्यस गा.वि.स.मा ३१ जना मात्र थियो भन्ने बुझिन्छ ।

सम्मान कार्यक्रममा व्यक्तिगत तथा संस्थागत गरी ३० जनाले आ-आफ्ना इच्छानुसार उपहार प्रदान गरे । यसरी उपहार प्रदान गर्नेहरूमा पनौतिका २ जना, बनेपाका ७ जना, काठमाडौं बानेश्वरका १ जना र उग्रतारा गा.वि.स.का स्थानीय २० जना देखियो ।

*(लेखक बौद्ध वृद्धाश्रम, बनेपाका कार्यकारिणी सदस्य हुनुहुन्छ, काभ्रे बहुमुखी क्याम्पसका पूर्वप्रमुख हुनुहुन्छ ।)*

# बुद्धधर्म हो सबैका लागि



✍ डा. गणेश माली

जाति वा धर्म मात्रैले हैन हुने कोही बौद्ध
कुशल कर्म गरी मात्र हुने हो है सबै बौद्ध ।

मूर्तिलाई सिङ्गारेर फलफूल चढाएर,
धूप-दीप बालेर मात्र हुने होइन कोही बौद्ध,
पुस्तकादि कण्ठ गरी कुरा गर्न जानी मात्र,
अन्य धर्म मान्नेलाई होच्याएर बसी मात्र,
नानाथरी रीतिरिवाज परम्परा थामी मात्र,
नाना भेष लगाएर मन्त्रतन्त्र जपी मात्र,
पूजापाठ गराएर दान-प्रदान गरी मात्र,
तीर्थाटन बाजागाज भोजभतेर गरी मात्र,
एकान्तमा बसीमात्र पनि होइन हुने बौद्ध,
कुशल कर्म गरी मात्र हुने हो है सबै बौद्ध ।

कुनै जाति वा धर्म-वादको नै नहोस् किन,
कुनै देश, भाषा वा वर्णको नै नहोस् किन,
अनित्य विश्वमा आफ्नो छैन केही बुझिकन,
क्लेश त्यागी मैत्रीभाव दुःखी सबमा राखिकन,
अरूलाई ठानी आफै, हितसुख चिताइकन,
कुशल कर्म गरी मात्र हुने हो है सबै बौद्ध ।



कुशल कर्म गरी मात्र होइन्छ बौद्ध यदि भने,
बौद्ध हुन सबैलाई अति आवश्यक भएन के ?

जानाजानी अकुशल कर्म जो जन गर्दछ
कर्मको फल पाएर लोकमा पछुताउँछ
अकुशल कर्म जानेर गर्दैन जो पुनः पुनः
बादलमुक्त चन्द्रमा झैं लोकमा चम्कन्छ त्यो ।

❖

कार्यपत्र

# 'बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको योगदान'



✍ चन्द्रलक्ष्मी गुभाजु
पोखरा

नेपालमा जन्मनुभएका भगवान् गौतम बुद्ध नेपाली हुनुहुन्छ । उहाँ नेपालका राष्ट्रिय विभूति हुनुहुन्छ । आफ्ना राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म नेपाल र नेपालीको साझा धर्म हो, आफ्नै धर्म हो । भगवान बुद्धद्वारा प्रतिपादित यो धर्म मैत्री, करूणा र अहिंसामा आधारित छ । यो धर्म साम्प्रदायिक सद्भावमा विश्वास गर्दछ । सामाजिक सहिष्णुताको लागि प्रोत्साहित गर्दछ र आपसी समझदारी बढाउन प्रेरित गर्दछ । बुद्धधर्म शान्तिको धर्म हो र भगवान् बुद्ध शान्तिनायक, शान्तिका अग्रज हुनुहुन्छ । वर्तमान विश्वमा बुद्ध र शान्ति एक अर्काका पर्याय भएका छन्, पूरक भएका छन् । बुद्ध भन्नासाथ हामीलाई शान्तिको आभास हुन्छ भने शान्ति भन्नासाथ बुद्धको स्मरण हुन्छ । विश्वमा जति हत्या; हिंसा र आतङ्क बढ्दै जान्छन्, उति बुद्धधर्मको आवश्यकता र औचित्य पनि बढ्दै जान्छन् । आज शान्ति चाहने शान्तिकामीहरूको एक मात्र सहारा बुद्धधर्म भएको छ ।

संसारमा दुःख छ, दुःखको कारण छ, त्यो कारण हटाउन सकिन्छ र त्यो हटाउने बाटो छ भनेर उहाँले चार आर्यसत्य र आर्यअष्टाङ्गिक मार्गको बाटो देखाउनुभयो । त्यसको प्रचारप्रसारमा उहाँ आफै लाग्नुभयो । आफ्ना भिक्षु भिक्षुणीहरूलाई लगाउनुभयो । उहाँले निरन्तर ४५ वर्षसम्म चारिका गरेर यो धर्मको विकास र विस्तार गर्नुभएको हो ।

बुद्धको महापरिनिर्वाणपश्चात् उहाँका अनुयायी भिक्षु भिक्षुणीहरूले उहाँको कार्यलाई निरन्तर अगाडि बढाउनुभयो । भारतका सम्राट अशोकले आफ्नो छोराछोरी महिन्द्र र संघमित्रालाई श्रीलंका पठाएर श्रीलंकामा बुद्धधर्मको स्थापना गर्नुभयो । उहाँले विभिन्न ठाउँमा धर्मदूतहरू पठाएर यसलाई टाढा-टाढासम्म पुऱ्याउने, विश्वव्यापी बनाउने कार्य गर्नुभयो । ठूल्ठूला राजा महाराजाहरू भारतका कनिष्क, हर्षवर्द्धनहरू, नेपालका लिच्छवी राजाहरू, कर्णाली प्रदेशका चल्ल र मल्ल राजाहरूले एकातिर संस्थागत विकास गर्नुभयो भने ठूल्ठूला विद्वान्हरू आचार्य नागार्जुन, आर्यअसङ्ग, बसुबन्धु, अश्वघोष, धर्मकीर्तिहरूले नयाँ-नयाँ आयाम थपेर बौद्धशास्त्रको विकास र विस्तार गर्नुभयो ।

बुद्धधर्म आज विश्वव्यापी धर्म भएको छ । कतिपय देशले यस धर्मलाई आफ्नो राष्ट्रिय-धर्म घोषित गरेका छन् भने कतिपय बौद्ध सिद्धान्तअनुसार आफ्नो देशको विकास गरेको बतएका छन् । ठूल्ठूला महापुरूषहरूले आफ्नो बुद्धि, विचार र विवेक प्रयोग गरेर यसको विकास र विस्तारमा महत्वपूर्ण योगदान गरेका छन् । जापानका श्रद्धेय गुरू निचिदात्सु फुजीले निप्पोनजान म्योहोजी संस्था स्थापना गरी त्यही संस्थामार्फत विश्वभर ठूल्ठूला विश्वशान्ति स्तूपहरू निर्माण गरेर तथा आणविक हात हतियारको विरूद्धमा लामो लामो शान्ति-पदयात्राको आयोजना गरेर शान्ति संप्रेषणमा महत्त्वपूर्ण सघाउ पुऱ्याउनुभएको छ भने तिब्बतबाट स्वनिर्वासनमा भारत पुग्नुभएका नोबेल शान्ति पुरस्कारबाट सम्मानित दलाई लामाले बुद्धधर्मको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेल्नुभएको छ । त्यस्तै गरी म्यानमारबाट भारत फर्केर कल्याणमित्र सत्यनारायण गोयन्काले विपश्यना ध्यानको माध्यमबाट बुद्धको शिक्षा, सिद्धान्त र उपदेश फैलाउन अथक प्रयास गरिरहनुभएको छ ।

बुद्धधर्म र नेपाल र नेपालीको सम्बन्ध अन्योन्याश्रित छ । भगवान् बुद्धले आफ्नो धर्मस्थापना गरेकै बेलादेखि कपिलवस्तु बासीहरूले त्यसमा साथ र सहयोग गरेका थिए । बुद्धले पहिलो पटक धर्मदेशना गरी प्रव्रजित गराउनुभएका जुन पञ्चवर्गीय भिक्षुहरू थिए, ती सबै कपिलवस्तुवासी थिए । उहाँले बुद्धत्त्व प्राप्त गर्नुभएपछि राजा शुद्धोधनले उहाँलाई बोलाउन पठाएकाहरू पनि सबै त्यहीं भिक्षु भएर रहेका कुरा इतिहासमा उल्लेख छ ।

बुद्धत्व प्राप्तगरी कपिलवस्तु फर्कंदा उहाँका ज्ञातिबन्धुहरू, दरवारका सदस्यहरू पनि धमाधम भिक्षु भएका थिए । शाक्य गणराज्यका राजकुमार, राजाका उत्तराधिकारी तथा बुद्धका आफ्नैछोरा राहुल पनि भिक्षु भएका थिए । त्यस्तै बुद्धका मावली राज्य देवदहका कोलिय शाक्यहरू पनि उत्साहका साथ भिक्षु भएर बुद्धधर्मको विकास र विस्तार गर्ने काममा सघाएका थिए ।

तत्सम्बन्धी एउटा घटना यहाँ उद्धृत गर्नु प्रासांगिक ठान्दछु । कोशल देशका राजा प्रसेनजितकी महारानी मल्लिका देवीले छोरी जन्माएर खिन्न भएको बेला भगवान्ले एउटा गाथा सुनाउनुभएको थियो । जुन गाथामा उहाँले "नारी पुरूषभन्दा श्रेष्ठ हुनसक्छ" भन्नुभएको थियो । त्यस सम्बन्धमा केही बौद्ध विद्वानहरूले के विचार व्यक्ति गरेका छन् भने भरखरै बुद्धधर्म शुरू भएको त्यसबेला विहारहरू बनिसकेका

थिएनन् । भिक्षुहरूलाई खानेबस्नेको समस्या थियो । कतिपय भिक्षुहरू ओडार र ठूल्ठूला रूखमुनि बसेर रात बिताउनु पर्दथ्यो । त्यस्तो अवस्थामा महिलाहरूलाई भिक्षुणी बनाउँदा समस्या आउने र कष्ट हुने भएकाले बुद्धले व्यावहारिक कठिनाई भन्नुभएको हो । पछि भिक्षु आनन्दको शिफारिस र प्रजापति गौतमीले जेजस्तो दुःख कष्ट सहन र जेजति नियम उपनियम पालना गर्न पनि तैयार भएको अभिव्यक्ति दिएर जिद्दी लिएपछि बुद्धले प्रजापति गौतमी, राहुल माता यशोधरा समेतको ५०० जना महिलाको समूहलाई भिक्षुणी बनाउनु भएको थियो । धर्ममा गहिरो रूचि राख्ने ख्यातिप्राप्त इतिहासका समीकक्षहरूले बुद्धकालको त्यो घटनालाई एक सुखद् संयोगको रूपमा लिएका छन् । संसारका कुनै पनि धर्म संस्थापकहरूलाई आफ्ना ज्ञातिवन्धुहरू, सहोदर दाजुभाइ, दिदीबहिनी, आमा र धर्मपत्नीले यत्तिको साथ र सहयोग गरेको पाइंदैन, जति कपिलवस्तु र देवदह वासीहरूले भगवान् बुद्ध र बुद्ध धर्मको लागि गरे । उनीहरू मध्ये धेरै राजदरबार र सम्पूर्ण सुख सुविधा त्यागेर भिक्षुणी भए । त्यो कुरा उनीहरूको बुद्धधर्मप्रतिको असीम आस्था र समर्पणभावको एक उदाहरण हो भने त्यो अद्भूत त्यागको एक नमूना पनि हो ।

बुद्धधर्ममा लागेर बुद्धकालीन ती अग्रज महिलाहरूले एकातिर बुद्धधर्मको विकासमा महत्त्वपूर्ण योगदान गरे भने अर्कोतिर उनीहरूले आफ्नो जीवन पनि सार्थक पारे । उनीहरू मध्ये धेरैले अर्हत् प्राप्त गरी जन्ममरणको भवचक्रबाट आफूलाई पार लगाउन सक्षम भएका थिए । ती अग्रज महिलाहरूको सद्प्रयासबाट महिलाहरूले भिक्षुणी हुने अवसर पाएका हुन् । त्यसकारण हामीले उनीहरूको कामको उच्च मूल्यांकन गरेर उनीहरूप्रति सम्मान व्यक्त गर्नु पर्दछ भन्ने मलाई लागेको छ ।

त्यसपछि बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने महिलाहरूमा सम्राट अशोककी छोरी चारूमतीलाई लिन सकिन्छ । जसले नेपालको राजकुमार देवपालसँग विवाह गरी काठमाडौंमा चारूमती विहार बनाउनुभयो । जुन विहार प्राङ्गणको चारूमती स्तुप आजपनि चाबहिलमा देख्न सकिन्छ । त्यसपछि राजकुमारी भृकुटीले बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको इतिहासमा उल्लेख छ । उहाँले तिब्बतका राजा स्रोङ्चङगम्पो सँग विवाह गरी तिब्बत जाने क्रममा अक्षोभ्य बुद्ध, मैत्री बुद्ध र ताराका कलात्मक मूर्तिहरू लगेर तिब्बतमा बुद्धधर्म भित्र्याउनुभएको थियो । उहाँले गर्नुभएको त्यो योगदानको कदर गरेर उहाँलाई नेपालका राष्ट्रिय विभूति घोषित गरिएको छ ।

राजा जयस्थिति मल्लले धार्मिक र सामाजिक सुधारको नाममा बुद्धधर्ममाथि प्रतिबन्ध लगाए । त्यसपछिको लामो समय बुद्धधर्मको लागि अन्धकार युग रह्यो । राणकालमा पनि बुद्धधर्ममाथि शासक-प्रशासकहरूको बक्र दृष्टि जारी रह्यो । तैपनि केही व्यक्तिहरू बुद्धधर्मको पुनरूत्थानको लागि प्रयत्नशील रहे । तीमध्ये समर्पित केही व्यक्ति भिक्षु भएर नेपाली समाजमा देखा परे । त्यसैको हाराहारिमा केही महिलाहरू पनि जागृत भएका थिए । उनीहरूमध्ये तीनजना भारतको कुशीनगरमा गएर प्रवज्या समेत ग्रहण गरी अनागारिका हुनुभयो । त्यसरी पहिलो पटक अनागारिका हुनेहरूमा सर्वश्री अनागारिका रत्नपाली, अनागारिका धर्मपाली र अनागारिका संघपाली हुनुहुन्थ्यो । उहाँहरूपछिका अनागारिकाहरू- धम्मानन्दी, धर्मचारी, धर्मशीला, विरती, आरती, विशाखा, महानन्दीहरूलाई प्रथम दशस्थानमा लिन सकिन्छ ।

अनागारिका धर्मचारी गुरूमांले काठमाडौंमा उल्लेखनीय काम गर्नुभएको थियो भने पोखरामा अनागारिका धर्मशीला गुरूमाले किशोरावस्थामा नै प्रव्रजित भई बुद्धधर्मको पुनरूत्थानमा महत्त्वपूर्ण योगदान गर्नुभएको थियो । उहाँले नै पोखरामा बुद्धधर्मको बीजारोपण गर्नुभएको थियो । उहाँले नयाँ-नयाँ काम गर्न प्रेरित गर्नुहुन्थ्यो र अन्यत्र भएका बौद्ध गतिविधिकमा आफ्नै नेतृत्वमा हामीलाई सहभागी गराउनुहुन्थ्यो । उहाँको योगदान अविस्मरणीय छ । बुद्धधर्ममा उहाँको छुट्टै छाप र पहिचान छ ।

पाल्पा, रूपन्देहीलगायतका जिल्लाहरूमा धमाधम गुरूमाहरू देखिन थाल्नुभयो भने काठमाडौंमा गुरूमांहरूको संख्या उल्लेखनीय रूपमा बृद्धि भएको हामी पाउँछौं । धम्मावती गुरूमा आउनुभएपछि उहाँले गुरूमां उत्पादन गर्ने फ्याक्टरी नै लिएर आउनुभएको हो कि जस्तो देखिएको छ । उहाँले ठूलो संख्यामा गुरूमां बनाउनुभएको छ र बुद्धधर्मको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । उहाँले बुद्धधर्मको विकासमा धेरै युगान्तकारी कामहरू गर्नुभएको छ ।

वर्तमानमा धेरै सक्षम, सकृय र सुशिक्षित गुरूमांहरू आउनुभएको छ । ञाणसीला, उत्पलवर्णा, कमला गुरूमांहरूले एक किसिमको सक्रियता देखाउनुभएको हामी पाउछौं भने डा. अनोजा, ञाणवती, सुजाता, वीर्यवती, कुसुम गुरूमां, डोल्मा छिरिङ, आनी छोइङ्ग डोल्मालगायतका गुरूमांहरूले आ-आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरेर समाजमा राम्रो प्रभाव पार्नुभएको छ । त्यस्तै गरी अन्य गुरूमांहरूले पनि आफ्नो सम्पूर्ण जीवन धर्मको लागि समपण गरेर सेवा गरिरहनुभएको छ । उता गुम्बाहरू, विशेषतः उत्तरी दुर्गम क्षेत्रका गुम्बाहरू, मुक्तिनाथ मन्दिर जुन एउटा बौद्ध-स्मारक हो, त्यहाँ आनीहरू खटेर

जेजसरी काम गरिरहनुभएको छ, त्यो उल्लेखनीय छ । पोखरामा अनागारिका कर्मशीला गुरूमांले धर्मशीला विद्वत्-वृत्ति स्थापना गरेर एकातिर आफ्ना अग्रजको सम्मान गर्नुभएको छ भने अर्कोतिर पोखरामा धर्मदेशना गर्ने व्यक्तित्वको अभाव पूरा गरिदिनुभएको छ ।

साथै गृहस्थी महिलाहरूले पनि बुद्धधर्मको प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरेका छन् । बुद्धधर्मको पुनरूत्थानको बेलामा उनीहरूको भूमिका सकारात्मक र उल्लेखनीय रहेको थियो । त्यसबेलाका शासकहरूले बौद्ध घेलुं भएकाहरूलाई र पछि भिक्षु भएकाहरूलाई देश निकाला गरी पठाउँदा महिलाहरूले निडरतापूर्वक ती प्रव्रजित भिक्षुहरूको साथ र समर्थन गरेका थिए । त्यत्तिमात्र होइन, कतिपय महिलाहरूले आफ्ना मुटुका टुक्राजस्ता छोराछोरीलाई धर्मको अभिवृद्धिका लागि प्रव्रजित बनाएका थिए । काठमाडौंका लक्ष्मीमाया शाक्यले आफ्नो छोरा भिक्षु अग्गधम्मलाई प्रव्रजित गराई एउटा साहसिक काम गर्नुभएको थियो । त्यस्तै तानसेनका तेजलक्ष्मी शाक्यले आफ्नो १३ वर्षको छोरा वर्तमान भिक्षु कुमार काश्यप महास्थविरलाई र चन्द्रमाया शाक्यले आफ्नो ११ वर्षको छोरा वर्तमान भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई भिक्षु बन्न भारत पठाउनुभएको थियो । पछि ती दुबै आमाहरू पनि मुदिता र शरणशीला नामबाट अनागारिका बन्नुभएको थियो ।

त्यस्तै ललितपुरका लक्ष्मीमाया शाक्यले आफ्ना छोरा अश्वघोष प्रव्रजित गराउनु भिक्षु अमृतानन्दलाई जिम्मा दिनुभएको थियो भने ललितपुरकै हर्षमाया शाक्यले आफ्नो छोरा भिक्षु सुदर्शनलाई लिएर कुशीनगर गई आफ्नै उपस्थितिमा प्रव्रजित गराउनुभएको थियो । काठमाडौंका हीरा थकुँले आफ्नी प्यारी छोरी धम्मवती गुरूमांलाई किशोरावस्थामा नै धर्मदान दिनुभएको स्मरणीय छ । त्यस्तै पोखराका दुर्गा कुमारी कायस्थले आफ्नो छोरा भिक्षु श्रद्धानन्दको प्रवज्या आफ्नै उपस्थितिमा गराउनुभएको थियो भने पछि उहाँ आफै पनि प्रवज्जित भएर अनागारिका सुधम्मा हुनुभएको थियो । ती वीराङ्गना आमाहरूले जेजस्तो आशा अपेक्षा राखी आफ्ना सन्ततिलाई प्रवज्जित गराउनुभएको थियो, प्रव्रजित व्यक्तिहरूले पनि त्यस्तै गरी बुद्धधर्मको विकासमा महत्त्वपूर्ण योगदान गर्नुभएको छ ।

नेपाली महिलाहरूले आफ्ना धन, सम्पत्ति र जग्गा दान दिएर पनि बुद्धधर्मको अभिवृद्धिमा टेवा पुऱ्याएका छन् । ती सबै कुरा यहाँ लेख्नु संभव छैन । उदाहरणका रूपमा उल्लेख गर्नु पर्दा हामी के भन्न सक्छौं भने शुरूमा आनन्दकुटी विहार निर्माण गर्नको लागि बाटुली उपासिकाले सघाउनु भएको थियो भने पोखराको धर्मशीला बुद्धविहार, तेर्सापट्टि निवासी धर्मनदी कायस्थले प्रदान गर्नुभएको थियो । काठमाडौंका चैत्यमाया शाक्यले विश्वशान्ति विहार निर्माण गर्न जग्गा उपलब्ध गराउनुभएको स्मरणीय छ । पछि उहाँ आफै पनि प्रव्रजित भई अनागारिका चन्दत्राणी हुनुभयो ।

माथि जति नाम उल्लेख गरियो, त्यो प्रतिनिधि नाम मात्र हुन्, पूर्ण होइनन् । कतिपयको नाम छुट्न गएको भए, तलमाथि भएको भए तथा गल्ति भएको भए त्यसको लागि म क्षमा प्रार्थी छु । यसरी सामान्य किसिमले हेर्दा पनि हामी धेरै धेरै नेपाली महिलाहरू देख्छौं, जसले प्रव्रजित भएर, आफ्ना सन्ततिलाई प्रव्रजित गराए, धनसम्पत्ति, जग्गा दान गरेर तथा बौद्ध गतिविधिमा सक्रिय र समर्पित भई लागेर उल्लेखनीय कार्य गरेका छन् । त्यसैले हामी भन्नसक्छौं कि नेपाली महिलाहरूले बुद्धधर्मको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् ।

नेपाली महिलाहरूले व्यक्तिगत एवं संस्थागत रूपले पनि ठाउँ-ठाउँमा र गुम्बा र विहारहरूमा काम गरिरहेका छन् । तर हामीहरूका बीच सम्पर्क र सम्बन्धको सर्वथा अभाव छ । संस्थागत सम्बन्ध स्थापित गर्नु आजको आवश्यकता हो । भ्रमणको आदान प्रदान गरेर तथा एउटाको कार्यक्रममा अरूलाई सहभागी बनाएर आपसी सम्बन्ध गहिरो पार्न सकिन्छ । यहाँ उपस्थित अंग्रेज महिलाहरूको समक्ष म एउटा महत्वपूर्ण कुरा के निवदेन गर्न चाहन्छु भने छिट्टै नै महिलाहरूको राष्ट्रिय सञ्जालको निर्माण गरियोस् । राष्ट्रियस्तरको संस्था गठन गरियोस् । ताकि छरिएर रहेका संस्था र साधन, श्रोत तथा शक्तिलाई एकत्रित गरी बुद्धधर्मको विकास र विस्तारमा संगठित रूपले लगाउन सकियोस् । हामी किंचित मात्र संगठित भयौं भने निकट भविष्यमा देशमा हुन गइरहेको जनगणनामा बौद्धहरूको संख्या बढाउन हामी प्रभावकारी भूमिका खेल्न सक्छौं भन्ने मलाई लादग्छ ।

बौद्ध उपासिका संघले आयोजना गरेको शान्तिका लागि बुद्धपूजाअन्तर्गत यो गोष्ठी सम्पन्न हुनगइरहेको छ । गोष्ठीको मुख्य उद्देश्य बुद्धधर्मको शिक्षा, सिद्धान्त र उपदेशहरूको प्रचारप्रसार गरी शान्तिको स्थापना गर्नु हो । शान्तिको अभिवृद्धि गर्नु हो । त्यसको लागि हाम्रो नयाँ पुस्ता-शिक्षित महिलाहरूको सहयोग, सक्रियता र समर्पण भाव नितान्त आवश्यक छ । नयाँ पुस्ता जागरूक भई बौद्ध गतिविधिमा संलग्न भएमा, सक्रिय भएमा एकातिर शान्ति संप्रेषण गर्नमा ठोस सघाउ पुग्ने छ भने अर्कोतिर युवा पुस्तालाई कार्यभार सुम्पने हाम्रो अन्तर्निहित उद्देश्य पनि पूरा हुनेछ । ♦

*(गत पुष २५ गते पोखरामा सम्पन्न भएको गोष्ठीमा प्रस्तुत कार्यपत्र पाठकका लागि जानकारी हेतु प्रकाशित गरिएको छ- सं.।)*

कार्यपत्रको टिप्पणी :

# 'बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको योगदान : टिप्पणी'



✍ लिना गुरुङ्ग, पोखरा
संचारकर्मी

पोखरामा यसरी पहिलो पटक महिलाहरू एक ठाउँमा भेला भई बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको योगदान बारे चर्चा र चिन्तन गर्नु आफैमा प्रशंसनीयय छ । यस गोष्ठीमा बौद्ध उपासिका संघका अध्यक्ष चन्द्रलक्ष्मी गुभाजूले "बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको भूमिका" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । टिप्पणी गर्ने सुअवसर प्रदान गर्नुभएकोमा आयोजकप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

बुद्धधर्म र महिलासम्बन्धी कार्यपत्रमा समेटिएका सामग्री धेरै सान्दर्भिक र तथ्यपरक छन् । शीर्षकअनुरूप सामग्री पस्कन कार्यपत्र प्रस्तोता सफल हुनुभएको छ । कार्यपत्रमा बुद्धधर्मको विकासमा नेपाली महिलाहरूले गरेका योगदानका गाथा गाइएको छ । नेपाली चेलीहरूले देशभित्र मात्र नभई आफ्नो देशबाहिर पनि बुद्धधर्मको प्रचार-प्रसारमा सहयोग गरेका थिए । नेपालमा मल्लकालदेखि बुद्धधर्म मान्न प्रतिबन्ध लगाइएको भएपनि त्यसको पुनरूत्थानमा बुद्धधर्मावलम्बीहरू अनवरत रूपमा लागेका र अनेकौं कष्ट सहेर भएपनि प्रव्रज्या समेत ग्रहण गरी बुद्धधर्मको विकासमा योगदान पुऱ्याएको कुरा कार्यपत्रमा छर्लङ्ग उतारिएको छ । कार्यपत्रमा रहेका यिनै राम्रा पक्षहरूको प्रशंसा गर्दै यसलाई अझ बढी जानकारीमूलक र विश्लेशणात्मक बनाउन केही सुझावहरू प्रस्तुत गर्न चाहन्छु ।

कार्यपत्रमा राखिएका विषयगत तथ्यहरूको मिति र सन्दर्भ सामग्रीहरू समावेश गरिएको भए आधिकारिक पुष्ट्याईमा सहयोग पुग्नेथियो । साथै नेपालमा मात्र हालसम्मका प्रव्रजित महिला गुरुमांहरूको अनुमानित संख्या उल्लेख गरिदिनुभएको भए कार्यपत्र अझ जानकारीमूलक हुनेथियो । बुद्धधर्मको विकासमा समग्र महिलाहरूको अन्तर्राष्ट्रियस्तर र राष्ट्रियस्तरको तुलनात्मक अध्ययन पनि आवश्यक छ किनभने नेपालमा जन्मनुभएको गौतम बुद्धका प्रथम भिक्षुणी उहाँकै कान्छी आमा प्रजापति गौतमीलगायत अन्य पाँचसय नेपाली महिलाहरू भिक्षुणी भएका यथार्थ इतिहासमा पाइएको भएतापनि अन्तर्राष्ट्रिय जगतमा यसको कम चर्चा हुने गरेको छ ।

धार्मिक कार्यहरूमा प्राय पुरूषहरूको भन्दा पनि महिलाहरू संलग्न भएको पाइन्छ । बुद्धधर्मप्रति विश्वास राख्ने, बुद्धपूजा गर्ने, बुद्ध-भजन गाउनेदेखि बौद्धिक स्तरबाट बुद्धधर्मसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने, लेखहरू लेख्ने, प्रवचन दिने, शैक्षिक संस्थाहरूमा बुद्धधर्मको अध्यापन गर्नेहरूको पनि बुद्धधर्म विकासमा योगदान रहेको हुन्छ । त्यसकारण पनि बौद्धिकस्तरबाट भूमिका निर्वाह गर्दै आएका व्यक्तित्वहरूलाई कार्यपत्रले समेट्न नसकेको जस्तो लाग्छ । त्यसमा पनि भिक्षुणीहरूको उल्लेख गर्ने क्रममा यशोधराको भूमिकालाई इतिहासले उपेक्षा र अन्याय गरेजस्तै कार्यपत्रमा पनि उल्लेख हुननसक्दा पुनः अन्याय भएजस्तो लाग्यो । बुद्धलाई साधनामार्गमा लाग्न र सांसारिक आकर्षणमा नफस्न स्मरण गराइराख्ने उहाँकी अर्धाङ्गिनी यशोधरालाई सबैले बिर्सेका छन् । रामको मन्दिरमा सीताको, कृष्णको मन्दिरमा राधाको सधैं आदरणीय स्थान हुन्छ । तर यशोधाराको कुनै पनि बुद्ध मन्दिरमा उल्लेखसम्म भेटिँदैन । राति गृहत्यागपूर्व सोही दिन जन्मेको आफ्नो छोरा र पत्नीलाई अन्तिम पटक हेर्ने लालसा लिई जब बुद्ध सुत्नेकोठामा गए, तब जागेकी यशोधाराले बुद्धलाई मोहमा नफसून् भनी आफू निदाएको भान गरिन् र आफ्नो आँचलले छोरा राहुलको मुख छोपिदिएकी थिइन् । बुद्धको गृहत्यागपछि समेत कत्ति पनि विचलित नभई यशोधराले राहुललाई हुर्काइन्, शुद्धोधन र प्रजापति गौतमीको सेवा गरी आफ्नो जिम्मेवारी निष्ठापूर्वक पूरा गरिन् । बुद्धले वनमा गरेका तपस्याहरू यशोधराले दरबारमैं गरिन् । बुद्धले झैं उनले पनि एक छाक खाइन्, भुइँमा सुतिन् र साधारण वस्त्र धारण गरेकी थिइन् । राहुलले प्रव्रज्या लिँदा यशोधराले विरोध गरिनन् बरू स्वयं आफैले पनि प्रव्रज्या धारण गरिन् । बुद्ध-संघमा पूर्णरूपले विलिन भएर आश्रमको सरसफाई र रोगीहरूको सेवा गर्थिन् । "म बुद्धको पत्नी हुँ" भनेर उनले कहिल्यै पनि कुनै आदर मागिनन् । यस्ती दुर्लभ महिलालाई इतिहासले समुचित आदर गर्न सकेको छैन । यस्ता पक्षहरूलाई हामी नेपाली महिलाहरूले कहिल्यै बिर्सनु हुँदैन ।

यसैगरी पोखराको अनदुडाँडामा रहेको शान्ति-स्तूप निर्माणको सन्दर्भमा अनागारिका धर्मशीलाले निप्पोनजान

म्योहोजीका प्रमुख श्रद्धेय निचिदात्सु फुजी गुरूजीले संसारभरी विश्वशान्ति-स्तूप निर्माण गर्न र बुद्धधर्मको प्रचार गर्ने अभियानमा अनागाारिका धर्मशीलाले दिनुभएको योगदानबारे चर्चा गर्नु पनि यस अवसरमा सान्दर्भिक रहेको छ । यसरी बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको योगदान महत्त्वपूर्ण रहेको छ । साथै यस धर्ममा महिलाहरूलाई सकारात्मक रूपमा प्रस्तुत गरिएकोले पनि वातावरण महिला-मैत्रीपूर्ण छ ।

प्रामाहा कामोल थाभारोले बुद्धधर्ममा महिलाहरूको अवस्थाबारे सन् २००७ मा गरेको अध्ययनमा बुद्धधर्ममा महिलाहरूलाई भिक्षुणी हुनपाउनु धार्मिक क्षेत्रमा महत्त्वपूर्ण आयाम भएको बताएका छन् । बुद्ध नै पहिलो धार्मिक संस्थापक हुनुहुन्छ जसले मानव अधिकार र लैङ्गिक समानताको महशूस गर्नुभएको थियो । अर्थात् महिला अधिकारको बारेमा व्यावहारिक पैरवी गर्ने उहाँ पहिलो नेता हुनुहुन्छ । उहाँले महिलासँग पुरूष समान क्षमता र बौद्धिकता रहेको बताउनुभएको छ । यसकारण पनि सो अध्ययनअनुसार अन्य धर्महरूको तुलनामा बुद्धधर्ममा महिलाहरूको भूमिकालाई महत्त्वपूर्ण तरिकाले व्याख्या गरिएको छ ।

बुद्धधर्मको विकासमा महिलाहरूको योगदान उल्लेखनीय छ । तर ती योगदानहरू बारे अधिकांशमा कम ज्ञान रहेको छ । किनभने संचारमाध्यममा र इतिहासमा पनि कम उल्लेख भएका छन् । राष्ट्रिय तथा स्थानीय संचार माध्यममा पनि बुद्धधर्मसम्बन्धी समाचार, लेख, प्रवचन र कार्यक्रमहरूले प्राथमिकता नपाउनु दुःखदायी हो । अझ बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको भूमिकाबारे इतिहासमा महिलाहरूको योगदान उल्लेख नगरी अन्याय भएजस्तै भएको छ । देश धर्मनिरपेक्ष भनी संविधानमा लेखिएको भएतापनि वास्तवमा त्यसलाई हृदयङ्गम गर्न सकेको छैन । वर्तमान समयमा हत्या, हिंसा, अपराधका घटनाहरू दिनप्रतिदिन बढ्दै गइरहेको बेला देशमा शान्ति-स्थापना गर्न बुद्धधर्मका शिक्षा, सिद्धान्त र दर्शनका कुराहरू समस्त नेपालीहरूले बुझ्नु आवश्यक छ । शान्तिनायक बुद्धले दिनुभएको सन्देश संचार-माध्यमबाट आम जनतामाझ पुऱ्याउनुपर्ने अहिलेको आवश्यक्ता देखिन्छ ।

अन्ततः प्रस्तुत कार्यपत्र एक अभिलेखको रूपमा आएको छ र बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको भूमिकालाई सर्वसाधारणसामू चिनाउन कोषेढुङ्गा सावित भएको छ । ♦

*(गत पुष २५ गते पोखरामा सम्पन्न भएको गोष्ठीमा प्रस्तुत टिप्पणी पाठकका लागि जानकारी हेतु प्रकाशित गरिएको छ- सं.। )*

पालि-त्रिपिटक अनुवाद-माला ः                                                    महापरिनिर्वाण-सूत्रको आधारमा

# बुद्धको अन्तिम यात्रा विवरण-१



✍ दुण्ड बहादुर वज्राचार्य

एक समय भगवान् बुद्ध राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो । त्यस समय, मगधराजा अजातशत्रुले वज्जीमाथि हमला गर्न चाहेका थिए । अनि उनी यसो भन्थे – "त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।"

अनि, मगधराजा अजातशत्रुले मगधमहामात्य वस्सकार *(वर्षकार)* ब्राह्मणलाई बोलाए– "ब्राह्मण ! यता आऊ, तिमी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऊ, त्यहाँ गएर मेरो वचनले भगवान्को चरणकमलमा शिरले वन्दना गर । अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध– 'भन्ते ! मगधराजा अजातशत्रु भगवान्को चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध्दछन् । यस्तो पनि भन– 'भन्ते ! मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन्– 'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जी *(वृजी)* हरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।' तिमीलाई भगवान्ले जस्तो भन्नुहुनेछ त्यो राम्ररी अध्ययन गरी मलाई भन्न आओ । तथागतहरूले असत्य बताउनुहुन्न ।"

"हवस्, भो !" भनी मगधराजा अजातशत्रुलाई प्रत्युत्तर दिई मगधमहामात्य वस्सकार ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य वस्सकार ब्राह्मणले भगवान्लाई यस्तो भने–

"भो गौतम ! मगधराजा अजातशत्रु तपाईं गौतमको चरणकमलमा शिरले वन्दना गर्छन्, अल्पाबाध अल्पातङ्क बल तथा कुशलविहारको बारेमा पनि सोध्दछन् । भो गौतम ! मगधराजा अजातशत्रु वज्जीमाथि हमला गर्न चाहन्छन् । उनी यस्तो भन्दछन्– 'त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु, वज्जीहरूको विनाश पार्नेछु, वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।"

त्यस बखत आयुष्मान् आनन्द भगवान्को पछाडितिर उभिई भगवान्लाई पंखा हम्कँदै हुनुहुन्थ्यो । अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो–

(१) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरूनित्य एकत्रित हुन्छन् ? बहुलतर एकत्रित हुन्छन् ?"

"भन्ते ! 'वज्जीहरूनित्य भेला हुन्छन्, बहुलतर एकत्रित हुन्छन् ।' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूनित्य एकत्रित हुने छन्, बहुलतर एकत्रित हुने छन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानी होइन ।"

(२) "आनन्द ! तिमीले के सुनेका छौ ? मेलमिलापसहित बज्जीहरूएकत्रित हुन्छन् ? मेलमिलापसहित उठ्छन् ? मेलमिलापसहित वज्जीहरूगर्नुपर्ने कामकाजहरूगर्छन् ?"

"भन्ते ! 'मेलमिलापसहित वज्जीहरूभेला हुन्छन्, मेलमिलापसहित उठ्छन्, मेलमिलापसहित वज्जीहरूले गर्नुपर्ने कामकाजहरूगर्छन्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म मेलमिलापसहित वज्जीहरूभेला हुनेछन्, मेलमिलापसहित उठ्नेछन्, मेलमिलापसहित उनीहरूले गर्नुपर्ने कामकाजहरूगर्नेछन् *((तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(३) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्छन् ? प्रज्ञापन गरेकालाई समुच्छेदन गर्छन् ? पुरानाहरूले प्रज्ञापन गरेका वज्जीधर्मलाई मर्यादा राखी पालन गर्छन् ?"

"भन्ते ! 'वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्दैनन्, प्रज्ञापन गरेकालाई समुच्छेदन गर्दैनन्, पुरानाहरूले प्रज्ञापन गरेका वज्जीहरूलाई मर्यादा राखी पालन गर्छन्,' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूले प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेदन गर्ने छैनन्, पुरानाहरूले प्रज्ञापन गरेको वज्जीधर्मलाई मर्यादा राखी पालन गर्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "आनन्द ! तिमीले के सुनेका छौ ? जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरूछन् तिनीहरूलाई

वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरूसुन्नुपर्छ भन्ने ठान्दछन् ?"

"भन्ते ! 'जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरूछन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूका कुराहरूसुन्नुपर्छ भन्ने ठान्दछन् ?"

"आनन्द ! जबसम्म जुन ती वज्जीहरूका बीच वयोवृद्ध- वज्जीहरूहुन् तिनीहरूलाई वज्जीहरूले सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन् तथा पूजा गर्नेछन् र तिनीहरूका कुराहरूसुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(५) "आनन्द ! तिमिले के सुनेका छौ ? जुन ती कुल-स्त्रीहरूर कुल-कुमारीहरूहुन् तिनीहरूलाई वज्जीहरूले जबर्जस्ती हरेर लगी आफ्नो घरमा राख्दैनन् ?"

"भन्ते ! 'जुन ती कुल-स्त्रीहरूर कुल-कुमारीहरूहुन् तिनीहरूलाई वज्जीहरूले जबसम्म जबर्जस्ती हरेर आफ्नो घरमा राखँदैनन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(६) "आनन्द ! तिमिले के सुनेका छौ ? जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरू*( पूजा स्थानहरू, देवस्थानहरू)* हुन्– तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् ? तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बली *(पूजा)* लाई लोप गर्दैनन् ?"

"भन्ते ! 'जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्यस्थानहरूहुन्– तिनीहरूलाई वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका, पहिले गरिरहेका धार्मिक बलिलाई लोप गर्दैनन्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जुन ती वज्जीहरूका *(नगर)* भित्रका तथा बाहिरका चैत्य-स्थानहरूहुन्– तिनीहरूलाई जबसम्म वज्जीहरूले सत्कार गर्छन्, गौरव गर्छन् मान गर्छन् तथा पूजा गर्छन् र तिनीहरूको निमित्त पहिले दिइरहेका पहिले गरिरहेका धार्मिक बलीलाई लोप गर्दैनन् *(तबसम्म)* आनन्द ! वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन् ।"

(७) "आनन्द ! तिमीले के सुनेका छौ ? वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्छन् ? ताकि भविष्यका अरहन्तहरूपनि राज्यमा आऊन् र आएका अरहन्तहरूराज्यमा सुखपूर्वक विहार गर्न सकून् ?"

"भन्ते ! 'वज्जीका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्छन् ताकि भविष्यका अरहन्तहरूपनि राज्यमा आऊन् र आएका अरहन्तहरूराज्यमा सुखपूर्वक विहार गर्नसकून्' भन्ने कुरा मैले सुनेको छु ।"

"आनन्द ! जबसम्म वज्जीहरूका अरहन्तहरूप्रति धार्मिक रूपले आरक्षा, आवरण तथा गोप्यताको निमित्त संविधान गर्नेछन्– ताकि भविष्यका अरहन्तहरूपनि राज्यमा आऊन् र आएका अरहन्तहरूराज्यमा सुखपूर्वक विहार गर्नसकून्– *( तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

अनि, मगधमहामात्य वस्सकार ब्राह्मणलाई भगवान्ले यसो भन्नुभयो– "ब्राह्मण ! एक समय म वैशालीको सारन्दद चैत्यस्थानमा बसिरहेको थिएँ । ब्राह्मण ! त्यहाँ मैले वज्जीहरूलाई यी नै सात अपरिहानि धर्मको उपदेश गरेको थिएँ । ब्राह्मण ! जबसम्म यी सात अपरिहानि धर्म वज्जीहरूमा रहनेछन्, देखापर्ने छन्, ब्राह्मण ! *(तबसम्म)* वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

"भो गौतम ! यिनीहरूमध्ये एउटै अपरिहानि धर्मले युक्त भए तापनि वज्जीहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन भने सातैवटा अपरिहानि-धर्मले युक्त हुनेको त के कुरा ! भो गौतम ! मेलमिलापलाई छाडी मित्रभेदलाई छाडी मगधराजा अजातशत्रुद्वारा युद्ध गर्नु ठीक छैन । हवस् त, भन्ते ! हामी जान्छौ, हामीहरूका धेरै कामहरूछन्, धेरै गर्नुपर्ने छन् ।"

"ब्राह्मण ! जस्तो तिमी सम्झन्छौ ।"

अनि, भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी मगधमहामात्य वस्सकार ब्राह्मण आसनबाट उठी फर्केर गए ।

भिक्षुहरूको सात अपरिहानि धर्म : त्यसपछि भगवान्ले मगधका महामात्य वर्षकार ब्राह्मण गएको केही बेरपछि आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो– "आनन्द ! यता आऊ, तिमीले राजगृह अथवा त्यसको वरिपरिका जति पनि भिक्षुहरूछन् उनीहरूसबैलाई उपस्थानशालामा एकत्रित गराओ ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिएर राजगृहतिरका सबै भिक्षुहरूलाई उपस्थानशालामा एकत्रित गराउनुभयो । एकत्रित गराइसकेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउ बसे । एक छेउ बसेका आयुष्मान् आनन्दले

भगवान्लाई यस्तो निवेदन गरे– "भन्ते ! भिक्षुसङ्घलाई एकत्रित गराइसकेको छुं, अब भगवान्ले समय हेरी गर्नुहोला ।"

त्यसपछि भगवान् आसनबाट उठेर जहाँ उपस्थानशाला छ त्यहाँ जानुभई बिच्छाइराखेको आसनमा बस्नुभई भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षु हो ! सात अपरिहानि धर्मको उपदेश दिनेछु, त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यसो भन्नुभयो– (१) भिक्षु हो ! जबसम्म भिक्षुहरूनित्य एकत्रित हुनेछन्, बहुलतर एकत्रित हुनेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनु पर्दछ, परिहानि होइन ।

(२) "भिक्षु हो ! जबसम्म मेलमिलापसहित भिक्षुहरू एकत्रित हुनेछन्, मेलमिलापसहित उठ्ने छन्, मेलमिलापसहित भिक्षुहरूले गर्नुपर्ने कामकाजहरूगर्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(३) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्ने छैनन्, प्रज्ञापन गरेकोलाई समुच्छेद गर्ने छैनन्, जस्तो प्रज्ञापन गरेको शिक्षापद छ त्यस्तै रूपमा पालन गर्नेछन्, *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(४) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले रत्तञ्जू स्थविरहरूलाई, चिरप्रव्रजितहरूलाई, सङ्घका पिता *(जेष्ठ)* हरूलाई सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान गर्नेछन्, तथा पूजा गर्नेछन् र तिनीहरूको कुराहरूसुन्नुपर्छ भन्ने ठान्नेछन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(५) "भिक्षु हो ! जबसम्म भिक्षुहरूपुनः पुनः उत्पन्न भैरहने सांसारिक तृष्णाको वशमा बस्ने छैनन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(६) भिक्षु हो ! जबसम्म भिक्षुहरूअरण्य-शयनासन *(एकान्तबास)* मा उत्सुक भईरहने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

(७) "भिक्षु हो ! जबसम्म भिक्षुहरूले व्यक्तिगत रूपले जो भविष्यमा आउने पेसला *(असल)* सब्रह्मचारी भिक्षुहरूविहारमा आऊन् जो ती आउने असल सब्रह्मचारी भिक्षुहरूसुखपूर्वक बसून् भनी राम्ररी उपस्थान गर्न मन पराउने छन् *(तबसम्म)* भिक्षु हो ! भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।"

"भिक्षु हो ! जबसम्म यी सात अपरिहानि धर्म भिक्षुहरूमा *(अखण्डित)* रहिरहने छन्, देखा पर्ने छन् । भिक्षु हो ! *(तबसम्म)* भिक्षुहरूको वृद्धि नै सम्झनुपर्छ, परिहानि होइन ।" क्रमशः ....

(श्रोत-सन्दर्भ, दीघनिकाय, वीरपूर्ण पुस्तक संग्रहालय, गाबहाल, ललितपुर, वि. सं. २०४५)


**सकल प्राणीपिं दण्ड खनाः ग्याः,**
**सकलें सी खनाः ग्याः ।**
**अथेजुया सकल प्राणीपिन्त थः समान भाःलपाः**
**घात याये मते, याके नं मते ।**

– धम्मपद



**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर**

दशपारमिता-१०

# दान पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

*वंगु ल्याः पाखें कथहं .....*

## वेस्सन्तर जातक

थुकथं वेस्सन्तरं काय् म्ह्याय् त्याग यायेव देवराज शक्रया मती वन । थ्व वेस्सन्तरं हानं फ्वं वयेवं थः जहान नं त्याग याइ । मद्दीदेवीया दुर्गति जुइ । वयागु धर्म नं स्यनी । उकिं आः हे जिं वनाः मद्दीदेवी दान कया हये, थुपिं मस्त नं खःथाय् लाके । थथे मती तयाः वेस्सन्तरयाथाय् ब्राह्मण भेष कयाः इन्द्र स्वयं थ्यंकः वल । महासत्त्व वेस्सन्तरं उम्ह ब्राह्मण वेशधारी शक्रयात नं स्वागत यानाः फेतुकल । हानं जंगलय् छु कायेगु आशयं वयागु धकाः नं न्यनाबिज्यात । हानं वेशधारी ब्राह्मणं धाल, 'थः तःसकं वृद्ध जूगुलिं विवाह याये धयां विवाह जुइ नं थाकुगुलिं मद्दीदेवी छम्ह फ्वं वया ।'

बोधिसत्त्वं 'म्हिगः जिं थः काय् म्ह्याय् दान बिया, थौं जिम्ह जहान दान काः वल । कन्हे जिगु नुगःस्यँ दान काः वइ । तर जगतया हितार्थय् जिं गबलें फ्वं वःपिंत लिव्छयेमखु ।' धकाः मती तयाः धयाबिज्यात, भो ब्राह्मण, जिं थःगु पाखें मद्दीदेवी छन्त बीधुन । जिके दुगु वस्तु जिं सुचुका तयेमखु । दान काः जक वः दुसा जिं थःगु नुगः हे नं लिकयाः दान बी । जि दान बी साब न्ह्याः ।' थथे धयाःलि मद्दीदेवीया बिचाः न्यनाबिज्यात । मद्दीदेवी नं बोधिसत्त्वयागु बीगु स्वभावया पंगलः जुइमखु भालपाः उगु खँ स्वीकार यात । तर स्वीकार यानाः दान छु बिल, तुरून्त उम्ह वेशधारी ब्राह्मणं धाल, 'भो वेस्सन्तर, थ्व मद्दीदेवी जिं छःपिंत तुं बिया तये । थ्व छःपिंथाय् हे जक च्वने ल्वः । गथे लः व शंख छगू वर्ण, वथें हे छलपोलपिं निम्हसिया रूप वर्ण नं छगूहे ।'

थथे धयाः बोधिसत्त्व वेस्सन्तरया दानया प्रशंसा यानाः उम्ह वेशधारी ब्राह्मणं थःगु इन्द्ररूप प्रकट यात । हानं छुं वरदान बीगु इच्छा यात । तर वेस्सन्तरं थुपिं च्यागू कामना हे जक यानाबिज्यात -

(१) जि लाय्कुली थ्यनीबलय् जित अबुजुं अनुमोदन यायेमा, (२) बन्धनय् लाःपिंत बन्धनं मुक्त यानाबी फयेमा, (३) बुढा बुढी ल्याय्म्ह ल्यासे सकलयात जिं जीविकाया निंतिं आधार बी फयेमा, (४) परदार सेवन मयासे मिसातय् वशे मच्वनीम्ह जुइमा, (५) जि काय्-म्ह्याय् सुखी जुइमा, (६) इमित दिव्य भोजन दयेमा, (७) न्ह्याक्व ब्यूसां जिगु धन मफुइमा, हानं बीधुंका मनय् पश्चाताप मदुम्ह नं जुइमा, (८) थ्व जीवनं च्यूट जुयाः स्वर्ग वनाः अनं च्यूत जुयाः छगू जन्म तोता मेगु जन्म काये म्वालेमा ।'

इन्द्र थुपिं कामना पूर्ण जुइगु खँ व जुजुं काः वइगु खँ कनाः अन्तरध्यान जुया वन ।

उखे जुजुक ब्राह्मणया लँ द्वनाः कलिंग देशय् वने धकाः वँवं जेतुत्तर नगरय् लाः वन । उखुनुया दिनय् जुजु संजय न्हापां नये त्वने यानाः न्यायालयय् फेतुनाच्वन । जुजुं इपिं मस्त हःगु तापाकनिसें खन । हानं मती वन, 'सिंहया मचात थें निम्हं उथें तेज व स्फूर्ति खनेदुपिं, मिलापू थें च्याःपिं हुँ मस्त सु थें ।' थथे मती तयाः राजदूत छ्वयाः स्वके छ्वत । हानं जुजु संजयया न्ह्योने थ्यनेवं जुजुक ब्राह्मणं धाल, 'महाराज, थनिं भिंन्यान्हु न्हापा जितः छम्ह दानीम्ह जुजुं थुपिं मस्त दान बिया हल ।' हानं वं धाल, 'व दाता बनय् च्वंसां न्ह्याथें जाःम्ह याचकयात नं अथें फुसुलु ल्हाःतं लित छ्वयाहइम्ह मखु । वया दान बीगुली कुतः दु । हानं व न्ह्यागुं दान बीम्ह खः । वसपोलयात वेस्सन्तर धाइ । वसपोल वेस्सन्तरं हे जितः थुपिं मस्त दान याना हल ।'

थथे धाःबलय् जुजु संजयं नुगलं सह याये मफुत । अले मस्तय्त मुले च्वं वा धायेवं जालिंकुमारं थःम्ह अबुं थःत धयाहःगु खँ धाल- 'महाराज, जितः मुलय् तयाबिज्यायेत, कृष्णाजिनीयात मुलय् तयाबिज्यायेत जिगु निंतिं दोछि दां व जि केहेँया निंतिं सर्वशत मू थ्व ब्राह्मणयात बियाबिज्याहुँ ।'

जुजुं थःछय् जालिंकुमारं धाःथें हे ब्राह्मणयात ध्यबा बियाछ्वत । हानं छय्मचापिनिगु मतिना व स्नेहं हे जुजु संजय व महारानी फुसतिदेवीया काय् वेस्सन्तर व भौ मद्दीदेवी लुमंसे वइगु जुल । अफ्न जालिंकुमारं बारबार बिन्ति यायेवं जुजु संजयं थः काय् लित ब्वना हयेगु मती तल ।

छन्हु जुजुं ख्वीद्वः सैन्य, सल, किसि ब्वना वनाः वेस्सन्तर काः वन । थ्व सैनिक दल वंक पर्वतय् वःबलय् न्हापां ला वेस्सन्तरया मती थःत काः वःथें मताः । बोधिसत्त्वं मद्दीदेवीयात धाल, 'मद्दी, शायद भ्फी अबुजुयात शत्रुतय्सं त्याकाः भीत नं ज्वनेत थन सुं वयाच्वन । सो गुलि सैन्यत खनेदु, गुलि जुजुया ध्वाँय् खनेदु ।'

तर सैन्य दल सतिना वःलिसे धात्थेंगु खँ स्पष्ट जुल । मद्दि दकसिबे न्हापां ध्वाँय् शत्रु दलया मखुगु, थःगु हे देशया ध्वाय् जुयाच्वंगु खँ धाल । उखे संजय जुजु नं छकोलं सकल परिवारपिं वनेवं अप्वः हर्षशोक जुइ धकाः न्हापां जुजुनिं वेस्सन्तरया थाय् वन । अन वेस्सन्तर व मद्दीदेवीं जुजु संजययात लँस्वः वल । इमि दथुइ कुशल वार्ता जुइधुंकाः महासत्त्वं जालीं व कृष्णजिनीया विषयय् न्यन, 'छलपोलया यःपिं निम्ह छय्पिंत नं छम्ह ब्राह्मणयात दान बिया । व ब्राह्मण जूसां तःसकं छाःम्ह खनिं । मस्तय्त दायाः यंकल । आः उपिं मचात छु गथे जुल जिं मस्यू । यदि छलपोलं इमि बारे छुं खँ स्यूसा कनाबिज्याहुँ । थुलि न्यने दुसा जिमित तःसकं आनन्द जुइ ।'

थ्वया लिसलय् संजय जुजुं थम्हं निम्हं मस्त कयातये धुंगु खँ वेस्सन्तरयात कन । वेस्सन्तरं अले थःम्ह मांया विषयय् अनेक खँ न्यन । अबलय् हे मांम्ह अन थ्यंकः वल । मद्दीदेवीं महारानी फुसतिदेवीया तुति पालि ज्वनाः "जि छलपोलया भौमचा" धकाः धाल ।

वेस्सन्तरं नं थःम्ह मां फुसति महारानीयात वन्दना यात । थुबलय् हे लाक जालिंकुमार व कृष्णजिनी अन थ्यंकः वल । मद्दीदेवीं ब्वांवनाः काचाक्क हे निम्हं मचायात घयपुनाः मिखां ख्वबि स्वः स्वः वयेकल । छातिं दुरू पिहाँ वल । वेस्सन्तर नं काय् म्ह्याय्पिं खनेवं ब्वांवंगु अनसं गोतुलाः मूर्छा जुल ।

थुगु हे इलय् तःसकं भूकम्प जुल । महासमुद्रय् च्वंगु लः तःसकं सन ।

लिपा जुजु शिविं न्ह्यागु थजु, जुइधुंकूगु खँ लोमंका छ्वयेगु खँ धाल । हानं धाल, 'आः छं मां-बौ व दाजु-किजा तता-केहेँया मन ति । काय्मचां मां-बौया सुखया लागी अथवा मां-बौया दुःख मदयेका छ्वयेया लागी प्राण समेतं त्याग याइ । उकिं छं थ्व ऋषि भेष तोताः राज-शासनया भार स्वीकार या ।'

*कथहं .....*



# Buddhism in Langkawi

✍ Bhikkhu Sumanakitti

After few hours shipping from Penang to Langkawi, It seemed so fascinating and surrounded by the many small islands of Langkawi. Langkawi means a reddish brown eagle in colloquial Malay. The Malay word for eagle is helang – shortened is 'lang'. Kawi means the color reddish brown. I came to know that it had 99 islands, probably because of the world's weather changed, an extra 5 temporary islands are revealed at low tide in the Andaman Sea, some 30 km off the mainland coast of northwestern Malaysia. This islands also situated nearby Thai border northern Kedah state of Malaysia and not only hot and rains are the main season of the land, but also In this tropical land, the population is about 64,792 people; among them 90% are Malays Muslim, other Malays include Thai Pattani Malays, Buddhist mainly among Chinese and Thai, Hindu mainly among Indian and Eurasian Christian.

At the harbor, when I got down from the boat, surprisingly I saw one Thai monk next to me just waiting for me as we knew each other since Penang. So we met here in Langkawi again. I gave a call to my Buddhist devotee whose name was Ms. Yom Ying, a Thai woman, settled down here with her Eurasian husband. She had been here for almost 15 years and continues supporting to the Buddhist monks who arrive here. She fetched us to Wat Luangpor Khun, it is also known as Wat Koh Langkawi Vanaram, the only Theravada Buddhist Monastery and I found there was none of any Mahayana.

Wat Koh Langkawi Vanaram is the first Buddhist monastery in the Langkawi Island. It was built in Buddha Era 2548 by the support of Thai Chinese Buddhist of Langkawi. A new temple has been consecrated near Kilim. One of the most venerated monks from Thailand travelled to Langkawi in June 2006, attracting a huge following of Buddhists from Malaysia, Thailand and other places for ceremonial blessing. Kindly, Venerable Luangpor Khun Parisuddho, one of the most famous monks of Thailand helped to raising funds to establish the Buddhist temple in Langkawi. The strong Saddha, believe in the Buddha, the Dhamma and the Sangha of Chinese Buddhists made a remarkable step for Buddhism in the island. The most venerable was invited by the Buddhists of Langkawi, his first visit inspired to many Buddhists but without monastery it seemed obstacles for monks to find a proper shelter, so they hired a house in that time (now became a high school and others in town). After second visit of Venerable Luangpor Khun Parisuddho, many Buddhists, especially Chinese inhabitants of the island bought the land of 5 acre or 14 *Rai* in Thai, 1 million baht per *Rai* and among them about 10 million baht had been donated by Luangpor Khun from Thailand and total purchased for the land was 14 million baht to permanently establish a Buddhist monastery in Langkawi. Finally, the first Buddhist monastery had ever found for the benefit of many human beings to remain in peaceful and harmony in this island for the first time.

A beautiful land beneath the green rocky mountain and surrounded by the forest, peaceful area suit for the monks to practice meditation. As I talked with venerable Lungpor Khao or his full name is Phra Khru Sangharakkhao Abhassaro, a chief resident monk since the monastery started, (He was born in Songhala Province South of Thailand. He had to leave Langkawi for Thailand every month to stamp his visa to re-entry the island) He is a senior of the Sangha member (not pointed as abbot yet) told me that every year they arranged for *Parivasa Kamma* retreat for the monks in this monastery. They had done for 2 times until now and more than 100 monks attained during the retreat. At the time of the rains-retreat, there were few monks about 6-7 monks each year, and Kathina Dana ceremony or robe offering function held every year, *Ven. Luangpor Khao said.* When I arrived in this monastery in 4th of April 2010, there were only 9 monks including me and other visiting monks as well.

Recently, one of the Thai monks established a new Buddhist monastery, Wat Tham (cave Temple) which is a second Buddhist temple of the island. This monastery was strongly supported by many Thai Buddhist people who were working in the island. I also heard that many Thai Buddhist they were luckily given a lottery number by the monks and won the big prizes so that many people used to come here for hoping to get lottery number. This probably not only the reason, however, this monastery became a famous among the Thai Buddhist in Langkawi but also a great master lives in the cave, venerable monk meditated for a long time and cultivate for the benefit of self and for others as well, so the place considered as a secret place for the Buddhist people and eventually it became a spiritual guide centre as a whole in the island. The monk who were meditating for a long time had recently passed away and his dead body still kept in the cave monastery for 100 days.

Another interesting legend of the island is the most beautiful young woman in all of Langkawi , a brave warrior's wife named **Mahsuri**. According to legend said that the parties who perpetuated the gossip were those who were envious of Mahsuri's beauty and who was accused of adultery and executed by stabbing, white blood flowed from her wound, signifying her innocence. Her tomb, in Langkawi, has become a tourist attraction on the island.

It's normal if you believe that whatever you have done with good intention, your positive willpower will increase. You are blessed. So that most of the people believe in positive thoughts which lead us to cultivate good deeds, able to avoid evil actions and certainly purify our mind.

Note: *Rai* is a Thai word, it means 1 *Rai* equal to less than *one acre land.* ♦

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा

५ माघ २०६७, स्वयम्भू । मिला पुन्हि (माघ) का दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । पंचशील-प्रार्थना, बुद्धपूजापछि भिक्षु शरणङ्करले भगवान् बुद्धको उपदेशलाई दैनिक जीवनमा उतार्न सके सुखशान्ति प्राप्त हुनसक्छ भन्ने कथात्मक उपदेश देशना गर्नुभयो ।

## कुमार भन्तेको स्वास्थ्य लाभ



६ माघ, काठमाडौं । आनन्दकुटी विहारका प्रमुख ८४ वर्षिय आचार्य भिक्षु कुमार काश्यप महास्थविर गत पुष ७ गतेदेखि १८ दिन अस्पतालमा भर्नाभई उपचारपछि बुद्ध विहारमा स्वास्थ्यलाभको क्रममा आराम गरिरहनुभएको छ । उहाँको औषधोपचारका लागि प्राप्त सहयोग छ :-

१) पद्म ज्योति-मीरा ज्योति, जमल १६,०००।-
२) ललितवीर सिं तुलाधर, असन ५,०००।-
३) भिक्षु प्रज्ञालोक महास्थविर, पाटन ३,०००।-
४) दि. चन्द्रदर्शन बज्राचार्य, असन ३,०००।-
५) अशोक दर्शन बज्राचार्य, असन २,०००।-
६) उपासक गुलुपाःरत्न स्थापित, बागबजार २,०००।-

यसरी नै पूज्य कुमार भन्तेको शुभचिन्तक उपासक उपासिकाहरूले भेट्नआउँदा दान-दातव्य प्राप्त भएका छन् । प्राप्त भएका सबै दाताहरूको नाम प्रकाशन गर्न नसकिएको हो भने स्मरणीय रहोस् गत अंकमा प्राप्त दान बारे जानकारी प्रकाशित गरिएको हो ।

## तानसेनमा परियत्ति-मैत्री भेला

२४ पुष, पाल्पा । आनन्द विहार परियत्ति केन्द्र, तानसेनको आयोजनामा परियत्ति विद्यार्थीहरूका बीच वार्षिक मैत्री मिलन कार्यक्रम सम्पन्न भयो । प्रेममान शाक्यको प्रमुख आतिथ्यमा मैत्री, करूणा, मुदिता, उपेक्षा गरी चार समूहमा विभाजित विद्यार्थीहरूबीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भयो । छत्रराज शाक्य निर्णायक हुनुभएको सो कार्यक्रममा परियत्ति केन्द्र तानसेनका केन्द्राध्यक्ष देवेन्द्रमान शाक्यले मैत्री भेलाको उद्देश्यबारे प्रकाश पार्नुभयो । गम्भीरमान शाक्य र सुश्री सुनिता शाक्य क्वीज मास्टर हुनुभएको सो कार्यक्रम रत्नमान वज्राचार्यले सञ्चालन गर्नुभएको थियो भने भेलामा सर्जुलाल वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभयो ।

## पोखरा घोषणा-पत्र जारी

२४ पुष, पोखरा । धर्मशीला बुद्ध विहारस्थित बौद्ध उपासिका संघको आयोजना शान्तिका लागि बुद्धपूजा र त्यसअन्तर्गत शान्ति पदयात्रा, 'बुद्धधर्मको विकासमा नेपाली महिलाहरूको योगदान' विषयक महिलाहरूको गोष्ठी सम्पन्न भएको । अनागारिका डा. अनोजाको प्रमुख आतिथ्यत्वमा सम्पन्न सो कार्यक्रममा चन्द्रलक्ष्मी गुभाजुद्वारा प्रस्तुत कार्यपत्रमाथि लिला गुरूङले टिप्पणी गर्नुभयो । दुई दिनसम्म चलेको सो कार्यक्रमले बौद्ध उपासिकाहरूलाई संगठित गरी राष्ट्रिय सञ्जालको निर्माण गरी बुद्धधर्मको विकास र विस्तार गर्नुपर्ने, उपासिकाहरू बीच सम्पर्क र सम्बन्ध बढाउन भ्रमणको आदान-प्रदान एवं मैत्रीपूर्ण भेटघाटको कार्यक्रम गर्नुपर्ने, संविधानको प्रस्तावनामा शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मस्थल नेपाल उल्लेख गर्नुपर्ने, २०६८ सालको जनगणनामा बौद्धहरू र बौद्ध-संघसंस्थाहरू सही तथ्याङ्क लेखाउन खट्नुपर्ने तथा प्रजापती गौतमी र यशोधरालाई राष्ट्रिय व्यक्तित्व घोषणा गर्नुपर्नेलगायतका ५ बुँदे पोखरा घोषणापत्र जारी गरेको छ ।

## बुलुमा वार्षिक कार्यक्रम

१ माघ, ललितपुर । बौद्ध शान्ति विहारको स्थापना दिवसको उपलक्ष्यमा विशेष धार्मिक कार्यक्रमसहित वार्षिक समारोह आयोजना गरियो । १५० मीटरसम्मको स्मरणीय बुद्धपूजालगत्तै श्रामणेर धर्मघोषले बुढाबुढीको सम्मान गर्नुपर्ने बारे धर्मदेशना गर्नुभयो । वृद्धवृद्धाहरूलाई विशेष सम्मान गरियो । उपस्थित सबैलाई जलपान, भोजनको व्यवस्था गरी दिउँसो बुद्धजीवनी र बुद्धज्ञानसम्बन्धी फिल्म प्रदर्शन गरियो ।

## कविर अध्यात्म समाजमा प्रवचन

१० माघ, थिमी । "जीवलाई नमार भाई हो सबैको एउटै प्राण, हत्याको पाप छुट्ने छैन चाहे कोटी सुन पुराण ।" भन्ने मूलमन्त्र बोकेको कबीर अध्यात्म समाज, मध्यपुर थिमीले दुई पोखरीमा आफ्नो १५ औं वार्षिक सत्संग कार्यक्रम समाजका अध्यक्ष तेजकृष्ण श्रेष्ठको सभापतित्व सम्पन्न भयो । विभिन्न धर्मका गुरूबीच साम्प्रदायिक भावनाबाट माथि उठेर धार्मिक सहिष्णुता मजबूत पार्ने मूख्य उद्देश्य रहेको सो कार्यक्रममा धर्मगुरूहरूबाट प्रवचन गोष्ठी र भजनकीर्तनको आयोजना गरियो । हिन्दूसनातान धर्म समुदायबाट श्री १०००८ हरिहरानन्द परमहंस सरस्वती जी महाराज, बुद्धधर्मबाट भिक्षु कोण्डन्य तथा कबीर सत्संग आश्रमबाट श्री शुभम् तथा श्री सत्यम साहेबले धार्मिक सहिष्णुतासहित प्रवचन गर्नुभयो ।

## भिक्षु बोधिसेन महास्थविरको जन्मोत्सव

२१ माघ, बनेपा । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं बोधिचर्या विहार, बनेपाका प्रमुख **महासद्धम्मजोतिकधज** भिक्षु बोधिसेन महास्थविर ६० औं वर्ष प्रवेशको उपलक्ष्य तथा दिवंगतहरू हिरादुवाल-लतंमाया मानन्धरको पुण्यस्मृतिमा मङ्गललाल एवं कृष्णमाया मानन्धरको प्रार्थनाअनुसार भिक्षुसंघबाट महापरित्राण-पाठ सम्पन्न भयो । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरसमक्ष पञ्चशील प्रार्थनापछि विश्वशान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गर्नुभयो । भिक्षु बोधिसेन महास्थविर तथा प्रार्थी परिवारले भिक्षु संघलाई अष्टपरिष्कारसहित विशेष दान-प्रनान गरियो ।

## बुद्ध र शान्तिशिक्षा प्रकाशित

१ फागुण, ललितपुर । नेपालका श्रद्धेय संघउपनायक भिक्षु अश्वघोष महास्थविरले एक धार्मिक समारोहबीच लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य, आनन्दभूमिका सम्पादक भिक्षु कोण्डन्यको नयाँ कृति बुद्ध र शान्ति-शिक्षा विषयक पुस्तक विमोचन गर्नुभयो । सिद्धार्थ ज्ञानमाला भजनद्वारा विशेष भजन प्रस्तुतिपछि बुद्धपूजालगत्तै भिक्षु ज्ञानपूर्णिक महास्थविरले मनुष्य जन्म दुर्लभ बारे महत्त्वपूर्ण धर्मदेशना गर्नुभयो । समाजसेवी तथा संस्कृतिविद् उपासक मोतिलाल शिल्पकारको ७७ औं शुभजन्मोत्सवको उपक्ष्यमा भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दान-प्रदान, उपस्थित सबैलाई पुस्तक वितरण तथा भोजन प्रदान गरियो ।




**बुद्ध र शान्ति-पाठ** कृतिपछि प्रकाशित यस रङ्गिन कलेवरसहित १४४ पृष्ठको **बुद्ध र शान्ति-शिक्षा**भित्र २१ वटा भिभिन्न विषयमा आधारित लेख-रचना संग्रह गरिएको छ । बुद्धजन्म-भूमि नेपालको पुनर्जागरित बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित व्यक्तित्व, म्यानमारमा तम्हिः छेत्-यःम्ह म्ह्याय्-स्नेही पुत्रीको नाउँबाट प्रसिद्ध, जसले नेपालमा बुद्धधर्मसम्बद्ध क्षेत्रमा आयामिक योगदान पुऱ्याउनुभयो, उहाँ ७७ वर्षीय अनागारिका धम्मवतीको बुद्धशासनिक योगदानप्रति यस कृति समर्पण गर्न पाउनु धर्मगौरवकै विषय हो भनी लेखकले कृति समर्पण गरेको छ । उपासक मोतिलाल शिल्पकारद्वारा धर्मदानको रूपमा प्रकाशित सो कृति प्राप्त गर्न इच्छुकहरूले दाताको फोन नं. ५५३३२१४ वा बुद्धविहारको नं. ४२२६७०२ मा सम्पर्क गर्नसकिने उल्लेख गरिएको छ ।

## गुरूमां धम्मवतीको धार्मिक-जंको उत्सव

५ फागुण, लुम्बिनी । नेपाल अनागारिका संघका प्रमुख एवं धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष **सासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरूमां**को ७७ वर्षपूर्ण भएको उपलक्ष्यमा जंको-भीमरथारोहणको विकल्पका रूपमा भगवान् बुद्धद्वारा उपदेशित अमूल्य परमार्थ अभिधर्म-पाठ तथा विशेष धर्मदेशनाकार्यक्रम सम्पन्न भएको छ । गुरूमां धम्मवतीको सुस्वास्थ्यसहित दीर्घायुको कामना गरी स्वदेशी तथा विदेशी श्रद्धेय भन्ते-गुरूमांहरूबाट पूजा-परित्राणपाठ सम्पन्न भयो । बुद्धजन्मस्थल लुम्बिनी परिसरमा धर्मकीर्ति विहार परिवार तथा अन्तर्राष्ट्रिय गौतमी विहार, लुम्बिनीको आयोजनामा सम्पन्न तीनदिने सो विशेष धार्मिक कार्यक्रममा विभिन्न जिल्लाका श्रद्धालु दाता उपासक उपासिकाहरूको सहभागिता रहेको थियो । सयौंजना उपासिकाहरूले कार्यक्रम अवधिभर ऋषिनी प्रव्रज्या धारण गरी धार्मिक जीवन यापन गर्ने समाचार प्राप्त भएको छ ।

## ध्यानकेन्द्रको रजत महोत्सव हुने

विगत २०४२ सालदेखि विपश्यना भावना प्रचारप्रसार गर्दै आइरहेको अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको रजत जयन्ती महोत्सवको उपलक्ष्यमा यही आउँदो फागुन १८ गते विशेष धार्मिक समारोह हुने केन्द्रका अध्यक्ष सुश्री अमिता धाख्वामार्फत जानकारी प्राप्त भएको छ ।